# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष १० | अंक ६५ | काठमाडौं | मंगलबार, १२ असार २०८० | Prabhab National Daily | Tuesday, June 27, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-

## वंशजका आधारमा नागरिकता लिनेको भीड



नागरिकता विधेयक प्रमाणीकरण भई कार्यान्वयनमा आएसँगै सोमबार जिल्ला प्रशासन कार्यालय सर्लाहीमा जन्मको आधारमा नागरिकता लिनेको भीड । *तस्बिरः विश्वनाथ ठाकुर⁄रासस*

■ **प्रभाव संवाददाता**

**बुटवल-** नेपाल नागरिकता (पहिलो संशोधन) ऐन, २०७९ कार्यान्वयन गर्न सर्वोच्च अदालतको आदेशबाट बाटो खुलेसँगै नागरिकता वितरण प्रक्रिया सुरु भएको छ । संशोधित नागरिकता ऐनअनुसार २०६३ मा जन्मसिद्ध नागरिकता प्राप्त गरेका नागरिकका सन्तानले वंशजका आधारमा नागरिकता प्राप्त गर्नसक्ने वर्तमान कानुनले व्यवस्था गरेको छ ।

यसै आधारमा जन्मसिद्ध नागरिकता लिएका नागरिकका सन्तानलाई जिल्ला प्रशासन कार्यालयमा आइतबारदेखि वंशजको आधारमा नागरिकता वितरण सुरु गरिएको छ । यद्यपि, जिल्ला प्रशासन कार्यालयहरूले जारी गरेको सूचनाअनुसार १४ किसिमका कागजात पुऱ्याएपछि मात्रै जन्मको आधारमा नागरिकता पाइन्छ । जन्मको आधारमा नागरिकता लिन पुऱ्याउनुपर्ने प्रक्रियाका कारण कागजात पूरा नहुँदा नागरिकताविना नै फर्कनुपरेको छ ।

> जिल्ला प्रशासन कार्यालयलेजारी गरेको सूचनाअनुसार १४ किसिमका कागजात पुऱ्याएपछि मात्रै जन्मको आधारमा नागरिकता पाइन्छ
>
> ०००
>
> यसरी नागरिकता लिन आउनेहरूमा स्थायी बसोबास वा बसाइँ सरेर आएको प्रमाण पुऱ्याउन नसक्ने समस्या देखिएको छ
>
> ०००
>
> आइतबारदेखि थालियो जन्मको आधारमा नेपाली नागरिकका सन्तानलाई नागरिकता वितरण

यसअघि जन्मसिद्ध नागरिकता प्राप्त गरेका नागरिकका सन्तानलाई वंशजको आधारमा नागरिकता वितरण सुरु गरिएको रूपन्देहीका प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डेले बताए । पाण्डेले कार्यालयमा भीडभाड हुन नदिन र कामलाई व्यवस्थित गर्न पालिकाअनुसार आलोपालो प्रणाली लागू गरिएको जानकारी दिए ।

रूपन्देहीमा जिल्ला प्रशासन कार्यालय भैरहवा र इलाका प्रशासन कार्यालय बुटवल तथा मझगावाबाट नागरिकता वितरणको व्यवस्था मिलाइएको छ । प्रशासनले भैरहवाबाट दैनिक २०० र दुवै इलाका प्रकाशन (बाँकी पृष्ठ २ मा)

कोशी प्रदेशमा गठबन्धनको रणनीति

# विश्वासको मत 'फेल' गराउने, नेतृत्वमा आलोपालो



**हिक्मतबहादुर कार्की**
**मुख्यमन्त्री, कोशी प्रदेश**

- विश्वासको मत लिन बिहीबारका लागि अधिवेशन आह्वान
- विश्वासको मत 'फेल' गराउने गठबन्धनको निर्णय
- मुख्यमन्त्रीमा कांग्रेस र माओवादी केन्द्र दुवैको दाबी
- ९३ सदस्यीय प्रदेशसभामा बहुमतका लागि ४७ मत आवश्यक
- एमाले गठबन्धनसँग एमालेको ४० र राप्रपाको ६ गरी ४६ जना
- विपक्षी गठबन्धनसँग कांग्रेसको २९, माओवादी केन्द्र १२ (सभामुखबाहेक), एकीकृत समाजवादी पार्टीका ४ र जनता समाजवादी पार्टी (जसपा) को एक गरी ४६ सांसद



विश्वासको मतबारे रणनीति तय गर्न बिहीबार काठमाडौंमा बसेको गठबन्धनको बैठक ।

■ **प्रभाव संवाददाता**

**काठमाडौं-** नेकपा माओवादी केन्द्रले सरकार छाड्नसाथ संकटमा परेको कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतबहादुर कार्कीले आगामी बिहीबार विश्वासको मत लिने भएका छन् । निर्णायक मतदानका लागि पर्सी बिहीबार प्रदेशसभाको अधिवेशन आह्वान गरिएको छ । आइतबार बसेको प्रदेश सरकार मन्त्रिपरिषद्को बैठकको सिफारिसमा प्रदेश प्रमुख पर्शुराम खापुङले सोमबार प्रदेशसभाको तेस्रो अधिवेशन आह्वान गरेका हुन् । कार्कीको मुख्यमन्त्री पद टिक्छ कि टिक्दैन ? प्रदेशसभामा बिहीबार हुने मतदानपछि नै थाहा हुनेछ ।

यता प्रदेशसभाको अधिवेशन आह्वान गरेकै दिन सोमबार काठमाडौंमा विपक्षी गठबन्धनको बैठक बस्यो । नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्रसहित चार दलीय गठबन्धनले विश्वासको मत 'फेल' गराउने रणनीति तय गरेको बैठकमा सहभागी नेताहरू बताउँछन् ।

'प्रदेशसभाले असार १४ गतेका लागि अधिवेशन आह्वान गरेको छ । यही विषयमा काठमाडौंमा हामी जुटेका हौं,' नेपाली कांग्रेस कोशी प्रदेश संसदीय दलका प्रमुख सचेतक भूपेन्द्र राईले प्रभावसँग भने, 'कांग्रेससहितको गठबन्धनले विश्वासको मत असफल बनाउने निर्णय गरेको छ ।'

यस्तै बैठकले चार दलीय गठबन्धनको नेतृत्वमा नयाँ सरकार गठन गर्ने निर्णय गरेको पनि उनले जानकारी दिए । बैठकमा कांग्रेसको तर्फबाट संसदीय दलका नेता उद्धव थापा, प्रमुख सचेतक राई, सांसद प्रदीपकुमार सुनुवार र कार्की, माओवादी केन्द्रको तर्फबाट दलका नेता इन्द्रबहादुर आङ्बो, नेताहरू दुर्गाप्रसाद चापागाईं, जीवन आचार्य र राजेन्द्र कार्की सहभागी थिए । जसपाको तर्फबाट भने निर्मला तावा लिम्बू सहभागी थिइन् ।

निर्वाचनलगत्तै संघदेखि प्रदेश सरकारमा कब्जा जमाएको नेकपा एमाले माओवादी केन्द्रले गठबन्धन परिवर्तन गरेसँगै कोशी प्रदेशमामात्र सीमित हुन पुगेको थियो । संघ र अन्य प्रदेशमा एमाले सरकार क्रमशः ढले पनि कोशीमा एमालेले आफ्नो नेतृत्वमा सरकार चलाइरहेको छ । प्रदेशको नामाकरणसँगै विवादको घेरामा परेको कोशी प्रदेशमा एमाले नेतृत्वको सरकार अल्पमतमा (बाँकी पृष्ठ २ मा)

सन्दर्भ : वैदेशिक रोजगार

## नेपाली श्रमिकबाट लाभ लिन कोरियालाई आग्रह

**काठमाडौं (प्रस)–** राष्ट्रिय सभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले नेपाली श्रमिकबाट लाभ लिन दक्षिण कोरियालाई आग्रह गरेका छन् । नेपालका लागि नवनियुक्त दक्षिण कोरियाली राजदूत पार्क तइयोङसँग सिंहदरबारमा सोमबार भएको भेटमा अध्यक्ष तिमिल्सिनाले उक्त कुरा बताएका हुन् ।



उनले हाल कोरियामा नेपाली श्रमिकले काम गरिरहेको अवस्था कायमै रहे पनि सामसुङलेजस्तै नेपालमा अन्य कारखाना खोल्दा श्रमसमेत सस्तो हुने भएकाले कोरियाली कम्पनीलाई पनि व्यापारमा थप लाभ हुनसक्ने बताए । अध्यक्ष तिमिल्सिना र राजदूत पार्कबीच भएको भेटवार्तामा दुई देशबीचको सम्बन्ध, संसदीय अनुभव आदानप्रदान, हवाई उडान, पर्यटन तथा आर्थिक विकासलगायत विषयमा पनि कुराकानी भएको बताइएको छ ।

भेटका क्रममा अध्यक्ष तिमिल्सिनाले दुई देशबीचको द्विपक्षीय सम्बन्ध तथा सहयोग अझ प्रगाढ र सुदृढ हुनेमा विश्वस्त रहेको बताए । उनले आगामी वर्ष नेपाल र कोरियाको कूटनीतिकसम्बन्ध स्थापना भएको ५०औं वार्षिकोत्सवलाई नेपालको पर्यटन र आर्थिक विकासका लागि महत्त्वपूर्ण हुने गरी मनाउनुपर्नेमा जोड दिए । अध्यक्ष तिमिल्सिनाले नेपालको आर्थिक विकासमा दक्षिण कोरियाको सहयोग उल्लेखनीय रहेको बताए ।

अध्यक्ष तिमिल्सिनाले आफूले कोरियाको औपचारिक भ्रमणका क्रममा पनि यस विषयमा कुरा राखेको अवगत गराउँदै भविष्यमा नेपालको जलस्रोत, कृषि र पर्यटनका क्षेत्रमा पनि कोरियाली लगानी भित्रने अपेक्षा गरे । कोरियाली पर्यटकको नेपालप्रति आकर्षण रहेकाले आगामी दिनमा पर्यटकको संख्या दोब्बर वृद्धि गर्ने उद्देश्यसहित काम अघि बढाउन सुझाव दिँदै उनले नेपाल एयरलायन्सको कोरियामा सीधा उडान सुरु गर्न पनि आग्रह गरे । दुबै एयरलायन्सले उडान सञ्चालन गर्दा भाडादर सस्तो हुने र नेपाल आउने पर्यटकको संख्या वृद्धि हुने भएकाले नेपाली श्रमिक र कोरियाली पर्यटक दुवै लाभान्वित हुन सक्नेमा उनले जोड दिए ।

राजदूत पार्कले कोरियाको रोजगार क्षेत्रमा नेपाली कामदारको उल्लेख्य उपस्थिति रहेकाले कोरियामा सिकेको सीप र आर्जन गरेको पुँजीलाई नेपालमा फर्केर उद्योग तथा व्यवसायमा लगाउने वातावरण बनाउन आग्रह गरे । नेपाली श्रमिक शिष्ट, मिहेनती र अनुशासित रहेको बताउँदै राजदूत पार्कले नेपालबाट जाने श्रमिकको संख्या आगामी दिनमा बढ्दै जाने विश्वास व्यक्त गरे । तर, नेपालीहरूले स्वदेश फर्केपछि घर र गाडीमा लगानी गर्ने क्रम बढेको भन्दै चिन्ता व्यक्त गरे ।

राजदूत पार्कले नेपाल र कोरियाको कूटनीतिक सम्बन्ध स्थापना भएको स्वर्ण जयन्तीको अवसरमा आफ्नो मुलुकले विशेष कार्यक्रम गर्ने योजना बनाएको जानकारी दिए । कोरियाको संसद्मा कोरिया-नेपाल मैत्री समूहसमेत गठन भएको जानकारी दिँदै उनले नेपालको संघीय संसद्ले पनि छिट्टै मैत्री समूह गठन गर्नेमा आफू विश्वस्त रहेको बताए ।

## 'कोरिया रिटर्नी' को समस्या हल गर्न पत्राचार

**काठमाडौं (प्रस)–** 'कोरिया रिटर्नी' (कोरियाबाट फर्किएका)हरूको समस्या समाधानका लागि सरकारले कूटनीतिक पहल थालेको छ । कोरिया जाने रोस्टरमा रहेका रिटर्नीहरूको समस्या समाधानमा सरकारले नै कूटनीतिक पहल गर्नुपर्ने भन्दै रोजगार अनुमति प्रणाली (इपिएस) कोरिया शाखाले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई पत्राचार गरेको छ । इपिएस भाषा परीक्षा पास गरे पनि कोरिया जान नपाएको भन्दै कोरिया रिटर्नीहरूले ग्वार्कोस्थित इपिएस शाखाको कार्यालयमा आइतबार धर्ना दिएका थिए । कोरिया रिटर्नीहरूको समस्या र उनीहरूले उठाएको माग सम्बोधन कूटनीतिक रूपमामात्रै समाधान गर्न सकिने हुँदा मन्त्रालयलाई पत्राचार गरिएको इपिएस कोरिया शाखाका निर्देशक पुष्पराज कटुवालले बताए । 'कोरिया रिटर्नीहरूको समस्या हाम्रो तहबाट समाधान गर्न सक्ने विषय नै होइन,' उनले भने, 'यसका लागि श्रम मन्त्रालयले परराष्ट्र मन्त्रालयमार्फत कूटनीतिक पहल गर्नुपर्छ भनेरै पत्राचार गरिसकेका छौं ।'

भाषा परीक्षा पास गरी लामो समयदेखि कोरिया जाने प्रतीक्षामा रहेका रिटर्नीहरूले छनोटमा नपरेपछि धर्ना तथा प्रदर्शन गरेका हुन् । शाखाले आन्दोलनमा उत्रिएका रिटर्नीहरूलाई प्रदर्शन नगर्न आग्रह गर्दै समस्या समाधानका लागि पहल गर्ने प्रतिबद्धता जनाएको थियो । सोहीअनुरूप मन्त्रालयलाई पत्राचार गर्नेदेखि लिएर रोस्टरमा नामावली थप्न हाललाई कुनै पनि परीक्षा सञ्चालन नगर्ने निर्णय भएको निर्देशक कटुवालले बताए ।

कूटनीतिक पहलका बाबजुत पनि रोस्टरमा रहेका कामदार लैजाने वा नलैजाने भन्ने विषय रोजगारदाताको निर्णयमा भरपर्ने उनको भनाइ छ । उनका अनुसार एकैपटक भाषा परीक्षा पास गरेका नयाँ कामदार कोरिया गइरहँदा पुरानाहरूलाई रोजगारदाताले प्रथमिकतामा नराखेका कारण रोस्टरमा रहेर पनि जान पाएका छैनन् । 'रोजगारदाताले पुरानालाई भन्दा नयाँलाई बढी प्राथमिकता दिएको देखिन्छ,' उनले भने । इपिएस परीक्षा पास गरेका सबै कोरिया जाने ग्यारेण्टी नभए पनि ठूलो संख्यामा रिटर्नीहरू छनोटमा नपर्नुले समस्या देखिएको भन्दै कटुवालले एचआरडी कोरियालाई पनि रोजगारदातासँग समन्वय गरिदिन आफ्नो तहबाट आग्रह गरिएको बताए ।

यद्यपि, समस्या समाधानका लागि रोस्टरमा रहेका कामदारलाई पठाइसकेपछि मात्र नयाँ रोस्टर तयार गर्नुपर्ने, नयाँ र पुरानोको फाइल सँगै अघि बढाउनुपर्ने, रिटर्नीहरूलाई पुरानै कम्पनीले छनोट नगरे नयाँ रोजगारदातासमक्ष फाइल पेस गर्नुपर्ने, रिटर्नीहरूको समस्या समाधान नगरी कुनै पनि किसिमको भाषा परीक्षा सञ्चालन नगर्न उनीहरूको माग छ ।



# अस्ट्रेलियाबाट फिर्ता ल्याइँदै चार नेपाली कलाकृति

**काठमाडौं (प्रस)–** अस्ट्रेलियाको 'नेसनल ग्यालरी म्युजियम'मा रहेका नेपाली पुरातात्त्विक महत्त्वका चार थान काठका कलाकृति नेपाल फिर्ता ल्याइने भएको छ। नेपाली कलाकारले २० औं शताब्दीभन्दा अगाडि बनाएका काठका कलाकृति विभिन्न माध्यमबाट क्यानावेरास्थित नेसनल ग्यालरी अफ अस्ट्रेलिया पुगेका थिए ।

नेसनल ग्यालरीले नै कलाकृति नेपाली दूतावासलाई हस्तान्तरण गरेको थियो । यसरी हस्तान्तरण गरिएका चार थान काठका कलाकृति सांग्रिला इन्टरनेसनल फ्रेट प्रालिले नेपाल ल्याउन लागेको हो ।



कूल २२ सेन्टिमिटर उचाइ ४३.६ सेन्टिमिटर चौडाइ र ११ सेन्टिमिटर गहिराइको सानो आयताकार प्यानल एउटा र तीन वटा विभिन्न साइजका 'आर्क' शैलीका प्यानल छन् ।

पुरातात्त्विक महत्त्वका कलाकृतिलाई जम्मा तौल २६ केजी रहेको साग्रिला कार्गोका कार्यकारी निर्देशक सौगात सिंहले जानकारी दिए । नेपाल ल्याएपछि ती पुातात्त्विक महत्त्वका कलाकृतिहरू पुरातत्त्व विभागमा राखिने जनाइएको छ ।

## वंशजका आधारमा...

पृष्ठ १ बाट जारी

कार्यालयबाट एक/एक सय गरी एक दिनमा जम्मा ४०० जनालाई नागरिकता वितरणको योजना बनाएको प्रमुख जिल्ला अधिकारी पाण्डेले बताए ।

सर्वोच्च अदालतले गत बिहीबार संशोधित नागरिकता ऐन कार्यान्वयन गर्ने बाटो खुला गरिदिएपछि नयाँ व्यवस्थाअनुसार जिल्लाहरूमा नागरिकता वितरण प्रक्रिया थालिएको हो । यसै आधारमा जन्मसिद्धका सन्तानलाई नागरिकता वितरणको प्रक्रिया थालिएको रूपन्देहीका प्रमुख जिल्ला अधिकारी पाण्डेले जानकारी दिए । उनले रूपन्देही जिल्ला प्रशासन कार्यालयबाट आइतबारदेखि नागरिकता वितरण थालिएको र सोमबारसम्म जन्मको आधारमा नेपाली नागरिकका सन्तान ४५ जनाले वंशजको नागरिकता प्राप्त गरेको जानकारी दिए ।

रूपन्देही जिल्लामा १४ हजार ८०० जनाले जन्मका आधारमा नागरिकता प्राप्त गरेका छन् । यसका आधारमा जिल्लामा जन्मको आधारमा नेपाली नागरिकता लिएका सन्तानले वंशजको नागरिकता लिनेको संख्या करिब २५ हजारको हाराहारीमा हुने अनुमान रहेको प्रमुख जिल्ला अधिकारी पाण्डेले बताए ।

कानुनले गरेको व्यवस्थाअनुसार नागरिकता प्राप्तिका लागि आवश्यक प्रमाण जुटाउन नसक्दा मुख्य समस्या रहेको छ। जन्मको आधारमा नेपाली नागरिकका सन्तानले वंशजको नागरिकता लिन कानुनमा भएको व्यवस्थाअनुसार बाबुआमा दुवैको जन्मको आधारमा प्राप्त गरेको नागरिकताको सक्कल पेस गर्नुपर्ने व्यवस्थाले केही समस्या देखिएको प्रजिअ पाण्डे बताउँछन् । 'यसखालको व्यवस्थाअनुसार बाबुआमामध्ये कसैको मृत्यु भएको अवस्थामा त्यस्तो नागरिकता नहुन सक्छ,' उनले भने, 'कतिपयको त आमाले नागरिकता नै प्राप्त नगरेकोसमेत अवस्थामा प्रमाण जुटाउने समस्या देखिन्छ ।'

प्रमुख जिल्ला अधिकारी पाण्डेका अनुसार यसरी नागरिकता लिन आउनेहरूमा स्थायी बसोबास वा बसाइँ सरेर आएको प्रमाण पुऱ्याउन नसक्ने समस्या देखिएको छ । उनले यसखालका प्रमाण पुऱ्याउने समस्यामा आवश्यकताअनुसार प्रहरी सर्जमिन मुचुल्का वा गोप्य प्रहरी प्रतिवेदन बुझेर त्यसका आधारमा पनि नागरिकता प्रदान गर्ने व्यवस्था गरिएको बताए ।

इलाका प्रशासन कार्यालय बुटवलले एक सूचना प्रकाशित गरी रीत पुऱ्याइ जन्मको आधारमा नेपाली नागरिकका सन्तानले नेपाली नागरिकता प्राप्त गर्न आवश्यक कागजातसहित पेस गर्नुपर्ने जनाएको छ। यो व्यवस्था कानुनमा भएको व्यवस्थाअनुसार नागरिकता लिन आउने सबै नागरिकलाई लागू हुन्छ ।

सूचनामा अनुसूची १ बमोजिमको सिफारिस, बाबुआमाको सक्कल नागरिकता प्रमाणपत्र, अनलाइन दर्ता भएको सक्कल जन्मदर्ता प्रमाणपत्र, अध्ययन गरेको भए शैक्षिक प्रमाणपत्र, जन्मस्थान र नाता खुल्ने किटानी सिफारिस, स्थायी बसोबासको निस्सा, विसं २०६३ को नाबालक दर्ता गरेको भए त्यसको निस्सा, बसाइँसराइ भएको हकमा बसाइँसराइको दर्ता प्रमाणपत्र, आवश्यकताअनुसार वडाको सर्जमिन मुचुल्का, बाबु र आमाको विवाह दर्ता र बाबुआमा कसैको वा दुवैको मृत्यु भएको भए मृत्यु दर्ता प्रमाणपत्र पेस गर्नुपर्ने जनाइएको छ । आवश्यकताअनुसार कागजात पेस भएपछि यसबाहेक प्रहरी सर्जमिन मुचुल्का वा गोप्य प्रहरी प्रतिवेदन बुझ्न सकिने सूचनामा जनाइएको छ।

इलाका प्रशासन कार्यालय बुटवलले नागरिकता लिन आउनेहरूका लागि स्थानीय तहका नागरिकलाई बारअनुसार आलोपालो प्रणाली लागू गरेको छ । कार्यालयले जिल्लाका बुटवल उपमहानगरपालिका, तिलोत्तमा, देवदह, सैनामैना नगरपालिका, शुद्धोधन र कञ्चन गाउँपालिकाका नागरिकलाई नागरिकता वितरण गर्ने जनाएको छ।

इलाका प्रशासन कार्यालयका प्रमुख मोहनराज जोशीले सोमबार बुटवल वडा नं १ का दुई जना नागरिकलाई पहिलो चरणमा नागरिकता वितरण गरिएको र अन्यको प्रक्रियामा रहेको जानकारी दिए । जोशीले नागरिकता लिन आउने अधिकांशमा मुख्यतया स्थायी बसोबासको प्रमाणको समस्या रहेको र त्यस्ता समस्यालाई प्रशासनले प्रहरीको सर्जमिन मुचुल्का गरेर प्रमाणका रूपमा राख्ने गरिएको जानकारी दिए ।

नागरिकता लिन प्रारम्भिक प्रमाण जुटाउन स्थानीय तहको सिफारिस आवश्यक पर्ने हुन्छ। यसका लागि आफू बसोबास गरेको वडा कार्यालयको सिफारिस लिनुपर्ने कानुनी व्यवस्थाअनुसार अहिले वडा कार्यालयहरूमा सिफारिस लिनेहरूको भीड लागेको छ ।

रूपन्देहीको लुम्बिनी सांस्कृतिक नगरपालिकाका-१ का वडाध्यक्ष सुरज कलवार वडा कार्यालयमा सिफारिस बनाउनेहरूको केही दिनदेखि चाप बढेको बताउँछन् । उनले सिफारिस लिन आउनेहरूमा मुख्यतया स्थायी बसोबासको प्रमाणमा समस्या देखिएको बताए । 'लुम्बिनीमा जग्गा जमिन रहेर पनि स्थायीरूपमा अन्यत्र बसोबास गर्दै आएको व्यक्तिलाई स्थायी बसोबासको सिफारिस गर्न समस्या देखिएको छ,' उनले भने, 'यस्तै अन्यत्रबाट बसाइँ सरेर आएको व्यक्ति भाडामा बस्दै आएको छ तर बसाइँसराइको प्रमाण छैन यस्तोमा पनि सिफारिसमा समस्या देखिएको छ ।'

रूपन्देहीका गैडहवा गाउपालिका-७ का युवा सन्दीपकुमार गुप्ता वर्षौंदेखि नागरिकता लिन नपाएका नागरिकलाई कानुनले बाटो खोलिदिएपछि अहिले उत्साहित बनाएको बताउँछन् । उनले नागरिकता लिनका लागि अहिले सबै स्थानीय तहका वडा कार्यालय र प्रशासनमा भीड लागेको बताउँछन् ।

### कामतले पाए नागरिकता

नागरिकता माग गर्दै काठमाडौंको माइतीघरमा आत्मदाहको प्रयास गरेका मोरङको कटहरी गाउँपालिका- ४ का निरजकुमार कामतले वंशजको नागरिकता पाएका छन् । नागरिकता पीडित संघर्ष समितिको आन्दोलनका क्रममा ३० जेठमा कामतले पेट्रोल खन्याएर आत्मदाहको प्रयास गरेका थिए । सोमबार उनलाई मोरङका प्रमुख जिल्ला अधिकारी वीरेन्द्रकुमार यादवले नागरिकता प्रदान गरेका हुन् ।

राष्ट्रपति रामचन्द्र पौडेलले प्रमाणीकरण गरेको नागरिकता विधेयक कार्यान्वयनमा सर्वोच्च अदालतले रोक लगाएपछि भएको प्रदर्शनका क्रममा निरजले आत्मदाह प्रयास गरेका थिए । उनी नागरिकता पीडित संघर्ष समितिका उपाध्यक्षसमेत हुन् । निरजले नेपाली नागरिक बन्नका लागि चार वर्षदेखि संघर्ष गरेको बताए ।

निरजका हजुरबुवाले जन्मका आधारमा नेपाली नागरिकता प्राप्त गरेका थिए । हजुरआमाको वंशजकै नागरिकता थियो । राजमिस्त्री काम गर्ने बुबा किसुनदेवले पनि जन्मकै आधारमा नागरिकता पाएका थिए। उनकी आमा गुलावदेवी चौधरीको भने वंशजको नागरिकता छ ।

## विश्वासको मत...

पृष्ठ १ बाट जारी

परेको हो । गत फागुन १७ गते प्रदेशको नामाकरण कोशी भएको थियो । त्यसविरुद्ध पहिचानवादीहरू निरन्तर आन्दोलनमा छन् ।

कोशीमा एमाले नेतृत्वको सरकार ढलाउन गठबन्धनले निर्णायक मानिएकी जनता समाजवादीकी निर्मला लिम्बूले १७ जेठमा सरकार छाडेकी थिइन् । कोशीमा जसपाको एकमात्र सांसद छ । माओवादीले २३ जेठमा सरकार छाडेसँगै कार्की नेतृत्वको प्रदेश सरकार अल्पमतमा परेको हो। माओवादीका दुर्गाप्रसाद चापागाईं भौतिक पूर्वाधार र जीवन आचार्य पर्यटनमन्त्री रहेका थिए । सरकारमा सहभागी दलले समर्थन फिर्ता लिएमा ३० दिनभित्र प्रदेशसभाबाट विश्वासको मत लिनुपर्ने संवैधानिक प्रावधान छ ।

### मुख्यमन्त्रीबारे गठबन्धनमा जुटेन सहमति

चार दलीय गठबन्धनमा मुख्यमन्त्री को बन्ने भन्ने विषयमा भने सहमति जुट्न सकेको छैन । कांग्रेसले आफ्नो नेतृत्वमा सरकार बन्नुपर्ने दाबी यसअघि नै पेस गरिसकेको छ ।

'२९ सांसदसहित कांग्रेस पहिलो दल हो। हाम्रो दाबी हामीले नै नेतृत्व पाउनुपर्ने भन्ने हो,' कांग्रेस प्रमुख सचेतक राईले भने । कांग्रेसबाट मुख्यमन्त्रीका दाबेदार संसदीय दलका नेता उद्धव थापा हुन् । यसैगरी माओवादीले पनि आफ्नो नेतृत्वमा सरकार बन्नुपर्ने दाबी गर्दै आएको छ । माओवादीले दलका नेता इन्द्र आङ्बोलाई मुख्यमन्त्री बनाउने तयारी गरेको छ। दुई दलबीच कसलाई पहिले मुख्यमन्त्री दिने विषयमा मात्र विवाद बाँकी रहेको राईले बताए । यद्यपि, आलोपालो गरी सरकार चलाउने भन्ने विषयमा भने सहमति भइसकेको उनको भनाइ छ ।

### यस्तो छ अंकगणित

९३ सदस्यीय प्रदेशसभामा बहुमतका लागि ४७ मत आवश्यक पर्छ । अहिले एमालेको ४० र राप्रपाको छ गरी ४६ जना सांसदको साथ सरकारलाई छ । प्रदेशसभामा बहुमतका लागि ४७ सिट आवश्यक पर्छ ।

त्यसो त कांग्रेसको २९, माओवादी केन्द्र १२, एकीकृत समाजवादी पार्टीका चार र जनता समाजवादी पार्टी (जसपा)को एक गरी अर्को गठबन्धनसँग पनि ४६ सांसद नै छ । यसले गर्दा सभामुख निर्णायक बन्नुपर्ने देखिन्छ । सभामुख माओवादीका बाबुराम गौतम छन् । गत पुस २४ गते ६० सांसदको समर्थनमा कार्की प्रदेश १ (कोशी) को मुख्यमन्त्री नियुक्त भएका थिए ।

# 'पीडितलाई क्षतिपूर्ति र पीडकलाई कारबाही गर्नू'

**काठमाडौं (प्रस)–** राष्ट्रिय मानवअधिकार आयोगले सरकारलाई यातनापीडितसम्बन्धी उजुरीमा गरेको सिफारिसमा पीडितलाई क्षतिपूर्ति र पीडकलाई कारबाही गर्न आग्रह गरेको छ ।

आयोगका प्रवक्ता डा. टीकाराम पोखरेलले सोमबार जारी गरेको विज्ञप्तिमा आयोगले यातनासम्बन्धी उजुरीहरूमा पीडितलाई क्षतिपूर्ति र पीडकलाई कारबाही तथा पीडकबाट क्षतिपूर्ति भराउनेजस्ता सिफारिस सरकारलाई गरेको उल्लेख गर्दै ती सिफारिस कार्यान्वयनमा जोड दिन स्मरण गराएको छ ।

यातनासम्बन्धी उजुरीहरूमा करिब २०० वटाको आयोगले सिफारिस गर्दै पीडितलाई क्षतिपूर्ति र पीडकलाई कारबाही गर्न भनेको छ। 'यी सिफारिसको कार्यान्वयनको सन्दर्भमा केहीमा पीडितहरूलाई क्षतिपूर्ति दिलाउनेबाहेक पीडकलाई कारबाही गर्ने कार्यहरू अत्यन्त न्यून देखिएकाले आयोगको सिफारिस कार्यान्वयनमा जोड दिन सरकारलाई यस अवसरमा आयोग पुनः स्मरण गराउँदछ', विज्ञप्तिमा उल्लेख गरिएको छ ।

उनका अनुसार हाल आयोगमा यातनासम्बन्धी ३५८ वटा उजुरीहरू विचाराधीन अवस्थामा रहेका छन्। 'स्थापनादेखि नै यातना दिइने कार्यको विरुद्ध अनुगमन तथा अनुसन्धान गर्दै आइरहेको छ । नेपालमा विगतको सशस्त्र द्वन्द्वको समयमा पक्राउ गरी मानसिक तथा शारीरिक यातना दिइएका घटनाहरूको विषयमा उजुरी दर्ता गर्ने र ती घटनाहरूमा आयोगले अनुगमन तथा अनुसन्धान गरी सरकारसमक्ष सिफारिस गर्दै आएको छ,' विज्ञप्तिमा भनिएको छ । आयोगले कसैले पनि कुनै पनि व्यक्तिलाई कुनै पनि बहानामा यातना दिने कार्य कानुनविपरीत भएको जनाउँदै व्यक्तिलाई यातना दिइने जस्तो अमानवीय तथा अपराधजन्य कार्य कहीँ कतैबाट पनि नगर्न, नगराउनसमेत भनेको छ ।

## नाम परिवर्तन सम्बन्धी सूचना

यस कम्पनीको मिति २०८०/०२/३१ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम वर्ल्ड कफी एक्सचेन्ज (प्रा.लि. नं. २३९४७४) को नामबाट सृजना भएको एवं साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व तिर्ने व्यहोर्ने गरी परिवर्तित नाम " मम किङ प्रा. लि." कायम भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएकोछ ।

## काठ लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८०/०३/१२**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट आ.व. २०७९/०८० मा संकलन भएर उत्पादन भई जोरायल गा.पा. ६, गावरमा घाटगद्दी गरी राखिएको लट नं. १ को साल गोलिया थान १३९ को ७९७.०६ क्यु.फिट काठ र लट नं. २ को अस्ना गोलिया थान ११ को २६५.७१ क्यु.फिट काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी सिलबन्दी बोलपत्रद्वारा लिलाम विक्री गर्नु पर्ने भएकोले ईच्छुक व्यक्ती, संघ संस्था, फर्म वा कम्पनीले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरीद गरी २२ औं दिनमा सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सा.व.उ.स.को कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सा.व.उ.स.को कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**अध्यक्ष**
**श्री मालिका भगवती सामुदायिक वन उपभोक्ता समूह**
**जोरायल गा.पा. ६, गावर, डोटी**

## काठ लिलाम विक्री सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८०/०३/१२**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट आ.व. २०७९/०८० मा संकलन भएर उत्पादन भई जोरायल गा.पा. ६, तितौलेमा घाटगद्दी गरी राखिएको लट नं. १ को खोटे सल्ला गोलिया थान ४६ को ५६१.४६ क्यु.फिट काठ र लट नं. २ को साल गोलिया थान ४९ को ३२४.०९ क्यु.फिट काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी सिलबन्दी बोलपत्रद्वारा लिलाम विक्री गर्नु पर्ने भएकोले ईच्छुक व्यक्ती, संघ संस्था, फर्म वा कम्पनीले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरीद गरी २२ औं दिनमा सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सा.व.उ.स.को कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सा.व.उ.स.को कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**अध्यक्ष**
**श्री सैधारा सामुदायिक वन उपभोक्ता समूह**
**जोरायल गा.पा. ६, तितौले, डोटी**

## काठ लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८०/०३/१२**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट आ.व. २०७९/०८० मा संकलन भएर उत्पादन भई जोरायल गा.पा. ६, तेलपारामा घाटगद्दी गरी राखिएको लट नं. १ को साल गोलिया थान २३७ को १५६३.३५ क्यु.फिट काठ, लट नं. २ को अस्ना गोलिया थान ३८ को ५०३.१२ क्यु.फिट काठ र लट नं. ३ को खोटे सल्ला गोलिया थान २२ को १९६.२२ क्यु.फिट काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी सिलबन्दी बोलपत्रद्वारा लिलाम विक्री गर्नु पर्ने भएकोले ईच्छुक व्यक्ती, संघ संस्था, फर्म वा कम्पनीले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरीद गरी २२ औं दिनमा सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सा.व.उ.स.को कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सा.व.उ.स.को कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**अध्यक्ष**
**श्री त्रिशुल हरियाली सामुदायिक वन उपभोक्ता समूह**
**जोरायल गा.पा. ६, तेलपारा, डोटी**

## रंगेली नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**
**रंगेली, मोरङ**
**कोशी प्रदेश, नेपाल**

### विज्ञापन प्रकाशनका लागि विद्युतीय माध्यमद्धारा दरभाउपत्र आव्हानको सूचना !

**प्रकाशित मितिः २०८०/०३/१२**

रंगेली नगरपालिकाबाट आ.व.०८०/८१ मा आवश्यक पर्न सक्ने राष्ट्रियस्तरबाट प्रकाशित हुने "क" वर्गको राष्ट्रिय दैनिक पत्रिका र प्रदेशस्तरबाट प्रकाशित हुने "क" वर्गको राष्ट्रिय दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशन गर्नुपर्ने भएकाले ईजाजत प्राप्त इच्छुक कम्पनी/फर्महरूले रितपूर्वक सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| सि.नं. | दरभाउपत्रको नाम | ठेक्का नं. | कैफियत |
|---|---|---|---|
| १. | Procurement Of Advertisement for 2080/81 . | NCB/Rangeli/G/SQ/38/079/80 | आंशिक वा पूर्णरुपमा स्वीकृत वा अस्वीकृत गर्ने अधिकार न.पा.मा हुनेछ । अन्य विषय सार्वजनिक खरिद कानून एवं सार्वजनिक हितको सिद्धान्तको आधारमा नगरपालिकाले तय गरे बमोजिम हुनेछ । |

**प्रमुख प्रशासकीय अधिकृत**

*नोट : विस्तृत विवरणका लागि रंगेली नगरपालिकाको वेवसाइट rangelimun.gov.np मा हेर्न सकिनेछ । http://bolpatra.gov.np/egp बाट मात्र दरभाउपत्र पेश गर्नुपर्नेछ ।*

## कुवेतमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : LEAN KW CAFE AND RESTAURANT CO.**

पुर्व स्वीकृति मिति २०८०/०३/११ LT No. 288641 चलानी नं.६०२०३८७३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista | 2 | 6 | 120 | ५१,०७५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Kitchen Helper | 4 | 0 | 100 | ४२,५६० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असार १९ गते (4th July. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः निःशुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।**

**SUPREME OVERSEAS PVT. LTD.**

Koteshwor-35, Kathmandu, Nepal. Phone: +977-1-4612909, Mob No.: 9851141464 | Fax: 01-4600047
Email: supremeovs301@gmail.com, Web: www.supremeoverseas.com.np

श्रम ईजाजत नं. ३०१/०५९/०६०

## Katari Municipality

**Office of The Municipal Executive**
**Koshi Province, Udayapur**

**LETTER OF INTENT TO AWARD THE CONTRACT**

**Date of publication: 2080/03/12**

This is to notify all the concerned bidders that it is our intention to award the contract to the following bidders selected as substantially responsive lowest evaluated bid for the execution of under Contract ID given below.

| S.N. | Contract ID | Description of Work | Name and Address of Successful Bidders | BID Price including VAT | Remarks |
|---|---|---|---|---|---|
| 1. | 10/079/80 | Construction of Ward no. 6 Administrative Building | Shivashakti Nirman Sewaa, Katari-4 | 5006701.56 | |
| 2. | 11/079/80 | Construction of Ward no. 14 Administrative Building | Jalpa Devi NirmanSewa, Triyuga-8 | 51,22596.62 | |
| 3. | 14/079/80 | Supply, Transportation, Fabrication, Erection and Construction of Timnahi Kamala Khola Suspension Trail Bridge Under Construction Turnkey Package. | Lekhraj-Him Shrinkhala JV, Kathmandu, Nepal | | Technical Evaluation |

This notice is published as per PPA 2063 clause 27.2 @ 27.3.

**Chief Administrative Officer**

# लागुऔषध दुरूपयोग रोक्न एकजुट हुनुपर्छ : गृहमन्त्री

■ प्रभाव संवाददाता

**काठमाडौं–** उपप्रधान एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले लागुऔषध दुरूपयोगबाट पर्ने बहुआयामिक असरसँग जुध्नका लागि सबै एकजुट हुनुपर्ने बताएका छन् । लागुऔषध दुरूपयोग तथा अवैध ओसारपसारविरुद्धको अन्तर्राष्ट्रिय दिवस २०२३ का अवसरमा गृह मन्त्रालयले सोमबार यहाँ आयोजना गरेको कार्यक्रममा स्वस्थ, सभ्य र समुन्नत समाज निर्माणमा लागुऔषधको दुरूपयोगमा सचेत रहनुपर्नेमा जोड दिए ।

उनले राज्यका सबै निकायसँगको समन्वय, सहकार्यमा लागुऔषध दुरूपयोग तथा अवैध ओसारपसार नियन्त्रण गर्न प्रवर्द्धनात्मक र उपचारात्मक कार्यक्रमलाई प्रभावकारी बनाउन मन्त्रालय प्रतिबद्ध रहेको स्पष्ट पारे । 'मूलुकको सर्वांगीण विकास समृद्धि, शान्ति सुरक्षा र सुशासन कायम गर्ने दिशामा लागुऔषध अपराधविरुद्धको राष्ट्रिय ऐक्यबद्धता जुटाउन अपरिहार्य भएको छ,' उनले भने । गृहमन्त्री श्रेष्ठले लागुऔषध नियन्त्रणसम्बन्धी राष्ट्रिय नीति तथा रणनीति र कानुनले अंगीकार गरेका कार्यक्रम कार्यान्वयन गर्न सबै पक्षबाट इमान्दार प्रयासको आवश्यकता औंल्याए ।

'लागुऔषध दुरूपयोग रोकथाम र नियन्त्रण बहुसरोकारको विषय भएकाले सम्बद्ध निकायको समन्वय र सहकार्यबाट यसको उत्पादन, बिक्री वितरण, सञ्चय, ओसारपसार, उपचार तथा पुनःस्थापना, जोखिम न्यूनीकरण, बिरामीको सामाजिक पुनःस्थापना, जनचेतनालाई अभियानका रूपमा सञ्चालन गर्न आवश्यक छ,' उनले भने ।

गृहसचिव दिनेश भट्टराईले लागुऔषध प्रयोगकर्तामा देखापरेको गम्भीर स्वास्थ्य समस्या पारिवारिक विचलन, सामाजिक दुष्प्रभाव, अवैध कारोबार, आर्थिक अपराध एवं सुरक्षा संवेदनशीलताको हिसाबले समयमै सचेत रहनुपर्ने देखिएको बताए ।

राष्ट्रिय युवा परिषद्का उपाध्यक्ष सुरेन्द्र बस्नेतले लागुऔषध नियन्त्रणका लागि व्यक्ति, समाज र राष्ट्रको एउटै पहल र प्रयासको आवश्यकता औंल्याए ।

नेपालमा एक लाख ३० हजार ४२४ जना लागुऔषध प्रयोगकर्ता रहेको गृह मन्त्रालयको तथ्यांक छ । नेपाल प्रहरीका अनुसार वि.सं. २०७९ को चैतसम्म लागुऔषध अपराधमा चार हजार २२० जना पक्राउ परेको र अपराधमा संलग्नमध्ये लागुऔषधसँग सम्बन्धित अपराधको हिस्सा २०.७३ प्रतिशत रहेको छ । हाल पाँच हजार ९११ लागुऔषध मुद्दाका कैदीबन्दी रहनुका साथै करिब पाँच हजार उपचार तथा पुनःस्थापना केन्द्रमा रहेको तथ्यांक छ ।

कार्यक्रममा नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र विभिन्न विद्यालयका तर्फबाट लागुऔषधसम्बन्धी सचेतनामूलक भिडियो र नाटक प्रस्तुत गर्नुका साथै कविता वाचन, नृत्य प्रदर्शनीसमेत गरिएको थियो । समारोहमा उपप्रधानमन्त्री श्रेष्ठले लागुऔषधसम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरी योगदान पुर्‍याउने सुरक्षा फौज र विभिन्न संघ संस्थालाई प्रंशसापत्र प्रदान गरेका थिए ।

यसअघि लागुऔषध दुरूपयोग तथा ओसारपसारविरुद्ध सचेतना जगाउन प्रभातफेरी निकालिएको थियो । भृकुटीमण्डपको खुला मैदानबाट सुरु भएको प्रभातफेरी भद्रकाली मन्दिर परिक्रमा गरी पुनः भृकुटीमण्डप हुँदै राष्ट्रिय सभागृहमा पुगेर कार्यक्रममा परिणत भएको थियो । प्रभातफेरीमा गृहमन्त्री श्रेष्ठ, गृहसचिव दिनेश भट्टराई, प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवर, सशस्त्र प्रहरी महाननिरीक्षक राजु अर्याल, मन्त्रालयका उच्च अधिकारी, विद्यार्थीलगायतको सहभागिता थियो ।

# तत्कालीन सदस्यसचिव ढकालविरूद्ध मुद्दा

**काठमाडौं (प्रस)–** पशुपति क्षेत्र विकास कोषका तत्कालीन सदस्यसचिव डा. प्रदीप ढकालविरुद्ध गैरकानुनी सम्पत्ति आर्जन गरेको अभियोगमा विशेष अदालत काठमाडौंमा सोमबार मुद्दा दायर गरिएको छ ।

आयोगले एक करोड ४४ लाख ११ हजार ७८१ रूपैयाँ बराबर सम्पत्तिको स्रोत नखुलेको दावीसहित उनीविरुद्ध मुद्दा दायर गरेको प्रवक्ता भोला दाहालले जानकारी दिए ।

२०७४ साउनदेखि २०७९ साल जेठ ३० गतेसम्म कोषको सदस्यसचिव रहेका डा. ढकालले पदीय दुरूपयोग गरी अस्वाभाविकरूपामा सम्पत्ति आर्जन गरेको भन्ने उजुरीका आधारमा छानविन गर्दा गैरकानुनीरूपमा सम्पत्ति आर्जन गरेको देखिएकाले विशेष अदालतमा मुद्दा दायर गरेको आयोगद्वारा सोमबार जारी विज्ञप्तिमा उल्लेख छ । सदस्यसचिव ढकालको चार वर्षीय कार्यकाल २०७८ साल साउनमा पूरा भएको थियो ।

## साउदी अरेबियामा रोजगारको अवसर

कम्पनी: VILLAGE SANDWICH RESTAURANT COMPANY TO PROVIDE MEALS

पूर्व स्वीकृति मिति २०७९/०२/२७ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०३/११ LT. No.264741 चलानी नं. ६०१८०८४०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 1 | 0 | 1000 | ३४,७५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार १९ गते (4th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Nasser Outsourcing Consultants Pvt. Ltd.**

श्रम ईजाजत नं. ६१९/०६३/०६४

Ratopool-9, Kathmandu, nepal, Tel: +977-1-4465090 (6 Line), Fax: +977-1-4411950,
Email: nocnepal@nassers.org

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : RABIA MEDICAL HOSPITAL (BRANCH OF RABIA MEDICAL COMPANY)

पूर्व स्वीकृति मिति २०८०/०३/११ LT. No.288520 चलानी नं. ६०२०३८४७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 0 | 5 | 1100 | ३८,२३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार १९ गते (4th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Employment Creation Service Pvt. Ltd.**

श्रम ईजाजत नं. ४००/०६०/०६१

Pancha Kumari Mandir, Sinamangal-9, Kathmandu, Nepal
Tel: +977-1-4488393, 4487496 E-mail : info@ecsmanpower.com
Website : ecsmanpower.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी: NAJM AL KHAIR GENERAL CONTRACTING EST

पूर्व स्वीकृति मिति : २०८०/०३/११ LT. No.288506 चलानी नं.६०२०३८६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Labor | 1 | 0 | 1000 | ३४,७५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार १९ गते (4th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**S.S.Group of management pvt.Ltd.**

Govt. License 1100/073/074

Subidhanagar–32, Tinkune, Kathmandu, Nepal, Tel : +977-1 - 5104681, 5104682 Ph: 9843193397 Email: ssgroup1100@gmail.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : PERFECT METAL INDUSTRIAL (M) SDN.BHD.

पूर्व स्वीकृति मिति २०८०/०३/११ LT. No. 288248 चलानी नं. ६०२०३८५०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 4 | 0 | 1500 | ४१,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : LADANG PPLR SDN. BHD

पूर्व स्वीकृति मिति २०८०/०३/११ LT. No. 288450 चलानी नं. ६०२०३८५१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Oil Palm Worker | 30 | 0 | 1500 | ४१,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार १९ गते (4th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**SUN RAY GLOBAL OVERSEAS PVT. LTD.**

918/067/68

Kathmandu-9, Sinamangal. Tel: +977-1-4560974, 4564202, Fax: +977-1-4464202
Email :sunray918@gmail.com, srgoverseas@gmail.com

## कुवेत/कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : RELAX PROFESSIONAL SALOON FOR LADIES COMPANY

पूर्व स्वीकृति मिति २०७९/११/१३ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०३/११ LT No : 280534 चलानी नं. ६०१९६०९६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Light Vehicle Driver | 8 | 0 | 135 | ५९,५८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : PREGO CONTRACTING AND CLEANING WLL

पूर्व स्वीकृति मिति २०८०/०१/०६ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०३/११ LT No : 284763 चलानी नं. ६०२००७३३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 3 | 0 | 1100 | ३९,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Manager | 1 | 0 | 5700 | २०४,०६५ | | | | | | | |
| 3 | Mason | 2 | 0 | 1100 | ३९,३८० | | | | | | | |
| 4 | Pipe Fitter | 2 | 0 | 1100 | ३९,३८० | | | | | | | |

कम्पनी : KIM'S SPA & LASHES BEAUTY SALON FOR LADIES

पूर्व स्वीकृति मिति : २०७९/११/१७ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०३/११ LT. No. 281782 चलानी नं.६०१९७३३७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hairdresser | 0 | 4 | 140 | ५९५८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Manicure / Pedicure | 0 | 5 | 140 | ५९५८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार १९ गते (4th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने / प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.**

Govt. License No. 1352/074/075

Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : GRAND HYPER CO

पूर्व स्वीकृति मिति २०८०/०३/११ LT No.288473 चलानी नं.६०२०३८८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facility Cleaning Worker | 5 | 0 | 1000 | ३४,७५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार १९ गते (4th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**OM OVERSEAS EMPLOYMENT PVT.LTD**

Govt. License 1518/074/075

Basundhara - 3, Kathmandu, Nepal,Tel : +977-1-5903266, 985-1105656, 9856028101, 981-6692574
E-mail : omoverseas36@gmail.com, omoverseas666@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : CREATIVE ENTITY CO. LTD. IS A ONE PERSON COMPANY

पूर्व स्वीकृति मिति: २०८०/०२/१५ LT. No.285629 चलानी नं. ६०२०३८०५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 3 | 0 | 1000 | ३४,७५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार १९ गते (4th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Prince International Employment Service Pvt. Ltd.**

श्रम ईजाजत नं. ४३५/०६०/०६१

Samakhusi-26 Ktm, Nepal, Tel : +977-1-4387650, E-mail : info@princeies.com

## मोटरसाइकल हराएको सूचना

मिति २०८०/०२/०३ गते निम्न विवरणको Pulsar 200 NS FI ABS को burnt red रङको मोटरसाइकल आफ्नै घर अगाडि पार्किङ गरिराखेको अवस्थामा हराएको हुँदा देख्नुहुने महानुभावले तुरुन्त मेरो निम्न मोबाइल नम्बर वा नजिकैको प्रहरी कार्यालयमा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

**धनीको नाम :** क्षितिज न्यौपाने
**बाइक नं.:** बा.प्र -०३-०४० प ४३६० 
**च्यासिस नं.:** MD2A36FX8MCH96243
**इन्जिन नं. :** JLXCMH92568
**ठेगाना:** टोखा ११, महादेवटार हाइट
**मो.नं.:** ९८६१९९२५१६

## ललितपुर महानगरपालिका २९ नं. वडा कार्यालयबाट संधियारलाई जारी भएको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना !

प्रस्तुत विषयमा बाँके जिल्ला, नेपालगञ्ज उ.म.न.पा.वडा नं. ४ बस्ने कृष्ण खनालले आफ्नो नाममा मालपोत कार्यालय ललितपुरमा दर्ता रहेको तपसिलका कित्ता जग्गाहरूमा ललितपुर महानगरपालिकाबाट नक्सा पास गरी घर बनाउन लागेकोमा तपसिल बमोजिमका संधियार जग्गाधनीहरूसँग सम्पर्क हुन नसकेकोले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सार्वजनिक सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र कुनै उजुरी भए यस वडा कार्यालयमा कार्यालय समयभित्र उपस्थित भई दिनु हुन अनुरोध गरिन्छ । अन्यथा नियमानुसार भई जाने व्यहोरा सूचित गरिन्छ ।

**जग्गाधनीको जग्गाको विवरण**

**तपसिल :**

| जिल्ला / गा.वि.स./न.पा. | वार्ड नं. / नक्सा सिट नं. | कि.नं. | क्षे.फ. | कैफियत |
|---|---|---|---|---|
| ललितपुर/हरिसिद्धि | ९/९क | १३०६ | ०-१-२-१ | |
| ललितपुर/हरिसिद्धि | ९/९क | १३७५ | ०-०-३-० | |
| ललितपुर हरिसिद्धि | ९/९क | १३४१ | ०-१-३-१ | |

**संधियारहरूको जग्गाको विवरण**

**तपसिल :**

| संधियारको नाम, थर | जिल्ला/ गा.वि.स./न.पा. | वार्ड नं./ नक्सा सिट नं. | कि.नं. | कैफियत |
|---|---|---|---|---|
| **राजश्री महर्जन (ना.प्र. नं. ८६४, जारी मिति २०४६/०२/१६, ललितपुर) दक्षिणतर्फको संधियार)**<br>**ठेगाना :** ललितपुर जिल्ला, साबिक हरिसिद्धि, गा.वि.स., वार्ड नं.८<br>**वावु/पतिको नाम, थर :** अष्ट महर्जन/दिव्य महर्जन<br>**ससुराको नाम, थर :** दिर्घलाल महर्जन | ललितपुर/हरिसिद्धि | ९/९क | १३७४, १३४०, १३६९ | |
| **निर्मल प्रधान (ना.प्र.नं. ५८२१, जारी मिति २०३१/०८/०४, चितवन) (पश्चिमतर्फको संधियार)**<br>**ठेगाना :** चितवन जिल्ला, साबिक भरतपुर नगरपालिका, वार्ड नं. ३<br>**बाबुको नाम, थर :** चिम काजी प्रधान<br>**बाजेको नाम, थर :** शंभु लाल प्रधान | ललितपुर /हरिसिद्धि | ९/९क | १३४२ | |

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# किसानलाई मल खै ?

प्रधानमन्त्री पुष्पकमल दाहालले संसद्बाटै मलको अभाव नरहेको घोषणा गरिदिए । किसानले मल नपाएको भन्दै सांसदहरूले उठाएको प्रश्नको जवाफ दिने क्रममा गत शुक्रबार दाहालले यसपालि मल अभाव नहुने बताएका हुन् । तर, उनले भनेजस्तो किसानले मल सहज रूपमा पाउन सकेका छैनन् । वर्षे कृषिखेतीका लागि किसान अहिले खेतबारीमा छन् । मानो रोपेर मुरी फलाउने समय पनि यही नै हो । त्यसका लागि आवश्यक रासायनिक मलमा सरकारले छल गरिरहेको छ । रासायनिक मल किसानहरूको पहुँचमा पुग्न सकेको छैन ।

मुलुकको आर्थिक मेरुदण्डको महत्त्वपूर्ण पाटोको रूपमा रहेको कृषि क्षेत्र दशकौंदेखि अलपत्रजस्तै परिरहेको छ । किसानहरूले जसोतसो आफ्नै बलबुताले कृषि उत्पादन गरिरहेका छन् । त्यसका लागि आवश्यक पूर्वाधारमा सरकारले चासो दिन सकेको छैन । कृषि उत्पादनका लागि सबैभन्दा महत्त्वपूर्ण भनेको गुणस्तरीय मलबीउ नै हो । तर, अहिले किसानहरूले धानका लागि गुणस्तरीय बीउ पाउन सकेको अवस्था छैन अनि मलको अभावले छाडेको छैन ।

यस्तो अवस्थामा सरकारले ल्याउने कृषि बजेट किसानहरूका लागि आकाशको फल आँखा तरी मर भनेजस्तै मात्र हो । किसानहरूका नाममा आएको अर्बौं रूपैयाँ बजेट कागजी किसानहरू झ्वाम पारिरहेका छन् । अनुदानको अनुगमन गर्ने जानेहरू पनि आर्थिक प्रभावमा परेर उत्पादन नै नगरेका वस्तु र बालीलाई पनि उत्पादन भएको गलत तथ्यांक बोकेर आउने गर्दछन् ।

त्यही किसानहरूका लागि अनुदानमा पाउने मलमाथि पटक–पटक छल हुने गरेका कारण पनि पछिल्लो समय किसानहरू कृषि उत्पादन गर्न नै छाडिसकेका छन् । उत्पादन गर्नका लागि आवश्यक मल बीउको अभावमात्र होइन बजारसमेत आफैंले व्यवस्था गर्नुपर्ने छ । अहिले धानको मौसम सुरु भएको छ । तर, सरकारले धान उत्पादनका लागि सहजरूपमा मल दिन सकेको छैन । किसानहरूले रकम तिरेर पनि मल पाउन सक्दैनन् । रासायनिक मल पाउनका लागि दिनभर लाइनमा बसेर पनि एक बोरा मल पाउन धन्न–धन्न परिरहेको छ ।

एकातिर किसानहरूले मल पाएका छैनन् । अर्कोतिर सरकार मल प्रशस्त भएको डिंग हाँकिरहेको छ । यस्तो परिस्थितिमा सरकारले मुलुकलाई कृषिमा आत्मनिर्भर बनाउँछु भन्नु छलकपट र झुक्याउने खेलमात्र हो भन्दा फरक नपर्ला । उत्पादकत्व वृद्धि गर्नका लागि रासायनिक मल अत्यन्तै जरुरी छ । तर, किसानहरूले मलको अभाव खेप्नु परिरहेको छ । यो परिस्थितिमा कृषि उत्पादकत्व कसरी वृद्धि हुन्छ ? अनि सरकारले भनेजस्तो कृषिमा आत्मनिर्भर कसरी हुन्छ ? सरकारले अन्नदाताका रूपमा रहेका किसानलाई भ्रमको जालोमा राख्ने काम बन्द होस् । सक्छौं किसानले नगद तिरेर किन्ने रासायनिक मलको सहजीकरण गर, होइन भने मलमा हरेक वर्ष छल गर्ने काम बन्द गर ।

## मनन्योग्य

### चाणक्य नीति

सोमदेवले चारैतिर चारैतिरबाट ढाकिएको डोलीको पर्दा हटायो । त्यो हटेपछि त्यसबाट एक विश्वमोहिनी युवती बाहिर निस्की । पूर्णयौवना सुन्दरी निलो साडीमा सेतो मोतीको मानाने सुशोभित सुन्दरी देख्ने दिनलाई जति सबै भएर किंकर्तव्यविमूढ भए उसका रूप एवम् लावण्यले सम्पूर्ण एक अज्ञात सम्मोहनमा परे । सबैको सम्मोहन सोमदेवका स्वरले भंग भयो । यी परम सुन्दरीलाई म आफ्नो तर्फबाट महाराजालाई उपहार चढाउँछु । कोइलीको जस्तो मला भएकी यी सुन्दरी नाना किसिमका नृत्यमा उत्कृष्ट भएकीले हरेक दृष्टिकोण महाराजको दरबारको शोभा बढाउनेछिन् ।

सबैतिरबाट अद्वितीय उपहारको प्रशसामा वाह-वाहको स्वर सुनिन चन्द्रगुप्त पनि यी सुन्दरी प्राप्तिको हर्ष लुकाउन सकेनन् । उनका मुखबाट उत्ताउलोपना प्रकट भइरहेथ्यो तर आचार्य चाणक्य भने कतै अर्कै दुनियाँमा थिए ।

अचानक चाणक्यले उठ्दै त्यहाँ उपस्थित सबैतिर हेर्दै गम्भीर स्वरमा भने- 'हामी तिम्रा उपहारले प्रसन्न छ । वस्तुत तिम्रो यो उपहार आजका सबै उपहारभन्दा अनौठो छ, हामी यसलाई सहर्ष स्वीकार गर्दछौं ।' अनि राजा पर्वततिर फर्कदै आचार्य चाणक्यले भने- 'हामी हामा सहयोगी राजा पर्वतकलाई आजको उत्सवको यो सबैभन्दा अनौठो उपहार उनको बहुमूल्य सहयोगका लागि प्रदान गर्दछौं ।'

चन्द्रगुप्त र अन्य सबै उपस्थित समूह चाणक्यका यी शब्दले आश्चर्यचकित भए ।

उता राजा पर्वतकको प्रसन्नताले हर्षको सीमा रहेन । उनले नमानी नै सर्वस्व प्राप्त भएजस्तो ठाने । चाणक्यले सभाविसर्जनको संकेत दिदै चन्द्रगुप्तलाई साथ लगाई गोप्य घरमा लगे । यता चन्द्रगुप्त खिन्न थिए । उता राजा पर्वतक महलमा नाचगान खानपानको क्रममा अनि सुरा र सुन्दरी पनि साथै थिए । जब हृदयको ढुकढुकी बढ्छ थामेर थाम्न सकिन्न, सुराको मस्ती यति धेरै हुँदैन जति ती विश्वमोहिनीको भोगको इच्छा अति प्रबल इच्छा हुदै गइरहेथ्यो ।

राजा पर्वतकले आवेगमा ती सुन्दरीलाई बाहुपासमा लिए । उनलाई एक कपकपी भयो सुन्दरीलाई चिन्दै नचिनी आवेगमा भरपूर एक चुम्बन लिए मानी राजालाई हजारौं विषधरले धएकैपटक हसेजस्तो भयो। राजा संजाशून्य भए (अर्थात् राजाको प्राण गयो ।) क्रमशः

# राष्ट्रवादी समीकरणको खाँचो



▶▶ प्रकाशलाल जोशी

देशमा व्याप्त भ्रष्टाचार अन्त्य गर्न कडाभन्दा कडा कानुन ल्याउनुपर्छ । जुनसुकै तहमा रहेका भए पनि भ्रष्टहरूलाई कानुनी दायरामा ल्याउनुपर्छ । त्यस्ता भ्रष्टहरूलाई आजीवन कारावास वा तीनपुस्ते सम्पत्ति जफत गर्नुपर्छ । यसरी राज्य अघि बढ्यो भने भ्रष्टाचार कम हुँदै जानेछ । भ्रष्टाचारीलाई राजनीतिक संरक्षण गर्नेलाई पनि कडा कारबाही गर्नुपर्छ । हुन त नेपालमा ठूला नेताहरूकै संरक्षणमा ठूलठूला भ्रष्टहरूले उन्मुक्ति पाइरहेका छन् । त्यसैले २०४७ सालयताका सबै भ्रष्टाचार छानबिन हुनुपर्छ । यसका लागि उच्चस्तरीय न्यायिक आयोग गठन गर्नुपर्छ ।

नक्कली भुटानी शरणार्थी प्रकरणबारे भन्नुपर्दा यो मानव बेचबिखन नै हो । नक्कली भुटानी शरणार्थी प्रकरणमा जोडिएकालाई कडाभन्दा कडा सजाय हुनुपर्छ । उनीहरूलाई आजीवन राजनीतिबाट अलग गर्नुपर्छ । भुटानी शरणार्थी प्रकरणले देशकै अपमान भएको छ । केही सीमितका कारण हामी सबै अपमानित हुनुपरेको छ । त्यसो त यस प्रकरणमा जोडिएकालाई बचाउन उच्चस्तरको दौडधुप भइरहेको देखिन्छ । कांग्रेस-कम्युनिस्ट नै यो प्रकरणमा जोडिएकाले देशको भविष्यमाथि नै खेलवाड गरिरहेको पुष्टि हुन्छ ।

हुन त नेपालमा नक्कली भुटानी शरणार्थी प्रकरण एउटाको बढी चर्चा भयो । कांग्रेस-कम्युनिस्टले यस्ता दर्जनौं काण्ड घटाइसकेका छन् । त्यसैले सबै काण्डको निष्पक्षरूपमा छानबिन गर्नुपर्छ । यस्ता काण्डमा जोडिएको छानबिन गर्न उच्चस्तरीय न्यायिक आयोग गठन गर्नुपर्छ । भ्रष्टाचारीलाई जनताको न्यायको कठघरामा उभ्याउनुपर्छ । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का अध्यक्ष राजेन्द्र लिङ्देनले 'एक पैसा घूस खानु भनेको आमाको रगत खानुसरह हो' भन्नुभएको छ । के ठूला दलका नेताहरूले यस्तो भन्न सक्छन् ?

यस्तै नागरिकता विधेयक अनियमित हो । नागरिकता विधेयक कानुनविपरीत आएको हो । यो विधेयकलाई नयाँ संसद्मा छलफल गर्नुपर्थ्यो तर रातारात नागरिकता विधेयक आयो । सम्पूर्ण नेपालीलाई नागरिकता दिनुपर्छ, यसमा सन्देह छैन तर नागरिकता दिने नाममा राज्यको नियम कानुन, परम्परा छल्न पाइँदैन । नागरिकता विधेयक भारतीयहरूलाई खुसी पार्न ल्याइएको हो । यो विधेयकमा जोडिएका विवादास्पद विषयलाई संसद्मा ल्याएर फेरि गम्भीर छलफल गर्नुपर्छ । सबैपक्षको भावना अटाउनेगरी यो विधेयकलाई परिमार्जन गर्नुपर्छ ।

यसैगरी प्रधानमन्त्री पुष्पकमल दाहालको भारत भ्रमण नियमितजस्तो मात्र भयो । नेपालले कुनै लाभ लिन सकेन । सिमानाको बारेमा कुनै छलफल भएन । सो विषय एजेण्डामै रहेन । नेपाल-भारतबीच विवादित अन्य कुरा पनि भ्रमणको क्रममा उठेन । भ्रमणको चर्चा धेरै भयो, उपलब्धि देखिएन ।

देशमा व्याप्त भ्रष्टाचार अन्त्य गर्न कडाभन्दा कडा कानुन ल्याउनुपर्छ । जुनसुकै तहमा रहेका भए पनि भ्रष्टहरूलाई कानुनी दायरामा ल्याउनुपर्छ । त्यस्ता भ्रष्टहरूलाई आजीवन कारावास वा तीनपुस्ते सम्पत्ति जफत गर्नुपर्छ । यसरी राज्य अघि बढ्यो भने भ्रष्टाचार कम हुँदै जानेछ । भ्रष्टाचारीलाई राजनीतिक संरक्षण गर्नेलाई पनि कडा कारबाही गर्नुपर्छ । हुन त नेपालमा ठूला नेताहरूकै संरक्षणमा ठूलठूला भ्रष्टहरूले उन्मुक्ति पाइरहेका छन् । त्यसैले २०४७ सालयताका सबै भ्रष्टाचार छानबिन हुनुपर्छ । यसका लागि उच्चस्तरीय न्यायिक आयोग गठन गर्नुपर्छ ।

देशभर महँगी बढेको सबैलाई थाहा भएकै कुरा हो । महँगी नियन्त्रण गर्न पहिले सरकारी निकाय अघि सर्नुपर्छ । सरकारी निकायकै कमीकमजोरीले महँगी बढेको हो । देशमा उत्पादन छैन । नुन तेलदेखि खाद्यान्नसम्म विदेशबाट ल्याउनुपर्छ अनि किन महँगी हुँदैन । स्वदेशमै खेती गर्ने होनाहार युवाहरू विदेशिएका छन्, अनि कसले गर्छ खेतीपाती । महँगी बढ्नुको प्रमुख कारण यो पनि हो ।

सबैभन्दा पहिला राप्रपाले आफ्ना एजेण्डालाई लिएर सबै जनताको घरदैलोमा पुग्नुपर्छ । राजसंस्था र हिन्दूराज्यको राप्रपाको यो प्रमुख एजेण्डालाई तल्लो तहसम्मका जनतालाई बुझाउनुपर्छ । त्यसको अलावा राप्रपाले आफ्नो संगठन देशव्यापीरूपमा फैलाउनुपर्छ । राप्रपाले कुनै पनि सर्तमा आफ्नो एजेण्डालाई विचलित हुन दिनुहुन्न । राप्रपाको स्थिति जसरी बलियो र मजबुत हुँदै छ अर्को निर्वाचनसम्म राप्रपाले आफ्नो आकार बढाउँदै लैजानुपर्छ । संसद्बाटै राप्रपाले आफ्ना एजेण्डा स्थापित गर्नेसम्मको पार्टीलाई बलियो बनाउनुपर्छ । हामीले संगठनमा त्यति मजबुत तरिकाले अघि बढ्न नसकेका कारण हामी केही कमजोरमात्र देखिएका हौं । हिन्दूराज्य र राजसंस्थालाई मन पराउनेहरू राप्रपामा एकताबद्ध हुन चाहिरहेका छन् । यसमा हामीले विचार पुऱ्याउनुपर्छ ।

राष्ट्रवादी शक्तिहरू जबसम्म एकत्रित हुन सक्दैनन्, तबसम्म आफ्ना एजेण्डा स्थापित गर्न सकिँदैन । तसर्थ राजसंस्थावादी र हिन्दूवादीहरू पहिला संगठित भएमात्र नेपालमा राजसंस्था र हिन्दू राज्य स्थापित हुनेछ । अहिले पूर्वराजा ज्ञानेन्द्र शाहको जुन सक्रियता छ, त्यो स्वाभाविकै हो । जनताले बोलाउँदा कार्यक्रममा नजाने ? के बोल्दै नबोल्ने ? देशमा यत्रो भ्रष्टाचार, अनियमितता छ उहाँले बोल्नै नपाउने ? मलाई लाग्छ पूर्वराजा शाहबाट भएको सम्बोधन र क्रियाकलाप जनआवाज हो । उनको सम्बोधनलाई मनन गरेर हामी अघि बढ्नुपर्ने बेला आएको छ । नेपालमा राजसंस्था चाहिने आमजनतामा महसुस भइसक्यो यो कुरा नेताहरूले पनि महसुस गरिसके । अब राजसंस्थाबाट मात्र देशको भविष्य छ । देश बचाउन र जनतालाई संगठित गर्न राजसंस्था अति आवश्यक छ ।

यसपटकको बजेट जनतामुखी भएन, नेतामुखी भयो । बजेटमा, केही नयाँ छैन, जनतालाई राहत दिन, नयाँ उद्योग, कलकारखाना खोल्न बजेटमा ध्यान गएको देखिँदैन । देशको विकास गर्ने बजेटमा त्यस्तो नयाँ केही देखिँदैन । बजेट कर्मकाण्डी खालको छ । गरिब जनतालाई राहत दिन बजेटमा केही पनि देखिँदैन ।

अहिले देशको परिस्थितिलाई राम्रोसँग बुझेर देशको प्रमुख राष्ट्रवादी, राजसंस्थावादी र हिन्दूवादी पार्टी राप्रपामा सबै भूभागमा बस्ने जनता आबद्ध भइदिनुपर्छ । राप्रपाबाट मात्र देशमा शान्ति, समृद्धि, राजनीतिक स्थिरता सम्भव छ । राप्रपाले सरकारको नेतृत्व गर्न पाए व्यापकरूपमा भ्रष्टाचारको छानबिन गर्नेछ, भ्रष्टाचारको अन्त्य गर्नेछ । राप्रपाले नेपालमा राजसंस्था र हिन्दूराज्य ल्याउन जुन अभियान थालेको छ, त्यसलाई सबै जनताले साथ र सहयोग गरिदिनुपर्छ ।

यतिबेला देशमा भ्रष्टाचार, अनियमितता, राजनीतिक विचलन भइरहेको समय जनताले असल नेतृत्वको खोजी गर्नु स्वाभाविक नै हो । असल नेतृत्वबाट देशमा शान्ति, स्थिरता र विकास हुन्छ । यो परिवेशमा आमजनताले पूर्वराजा ज्ञानेन्द्र शाहलाई स्मरण गर्नु कुनै गल्ती होइन । राजा शाहलाई सडकबाटै जनताले हटाएका हुन् । अब सडकबाटै राजतन्त्र पुनःस्थापित हुन्छ, हुनुपर्छ । यो अवस्थामा जनताले राजालाई अभिनन्दन गर्दै राजनीतिकरूपमा सक्रिय हुन आह्वान गरिरहेका छन् । तर, राजाको यस किसिमको सक्रियतालाई समेत कतिपय दल, कतिपय नेताले पचाउन सकिरहेका छैनन् ।

पूर्वराजाले जनताले बोलाएको ठाउँमा जानै नहुने, जनताको दुःख सुखको कुरा बोल्नै नहुने हो ? के पूर्वराजा शाहलाई आफ्नो देशवासीलाई सन्देश दिनै नहुने हो । हुन त प्रमुख दलहरूको भ्रष्टाचार अनियमितताले जनता वाक्क भइसकेका छन् । यो अवस्थामा पूर्वराजाले बोल्दा, सम्बोधन गर्दा, सन्देश दिँदा उनीहरूले पूर्वराजाका गतिविधिलाई राजनीतिक अस्त्रको रूपमा लिने गरेको देखिन्छ । के पूर्वराजा भ्रष्टाचार गरेर, जनतालाई दुःख दिएर शासनसत्ताबाट हटेको हो ? विदेशीको इशारामा नेपालको पुरानो राजसंस्थालाई हटाइएको हो । यतिबेला नेपाली जनता पर्ख र हेरको अवस्था छन् । जनताले अब त राजा आए पनि हुने थियो भन्न थालिसकेका छन् । यदि जनताले चाहन्छन्, समयको माग हुन्छ भने नेपालमा राजसंस्था फर्कन धेरै समय लाग्ने छैन ।

हुन त नेपालमा अहिलेजस्तो भ्रष्टाचार इतिहासमा कहिल्यै थिएन । पूर्वउपप्रधानमन्त्री, पूर्वगृहमन्त्री, पूर्वगृहसचिव समातिएका छन्, जेल परेका छन् । नक्कली भुटानी शरणार्थी प्रकरण त एउटा उदाहरणमात्र हो, नेपालमा यस्ता प्रकरण धेरै घटिसके । त्यसैले आफ्ना कुकृत्यको ढाकछोप गर्न दलका नेताहरू अब गणतन्त्र गयो, पूर्वराजाले षडयन्त्र गर्न लागे भन्दै छन् । यदि जनताले चाहने हो भने नेपालमा कुनै पनि दिन राजसंस्था फर्किनेवाला छ । अब यो समय र परिस्थिति र जुन आवाजलाई कदर गर्दै नेपालमा हिन्दूराज्य र राजसंस्था ल्याउने, जनतालाई जागरुक पार्न राप्रपाले नेतृत्व लिन ढिलाइ गर्नुहुन्न ।

हुन त नेपालमा बजेट आउँछ, हुनेखानेका लागिमात्र । गरिब जनताको आवाज बजेटमा सम्बोधन हुँदैन । जनताले मन बुझाउने कुनै ठाउँ छैन । खेतीपातीको बेला मल छैन । खानका लागि अन्न छैन । सहर केन्द्रित राजनीतिलाई सहर केन्द्रित सरकारलाई गरिब जनताले कति दिन सहने । समग्रमा भन्दा देश असफलताको डिलमा छ । विदेशी ऋण चुलिएर हामी चिन्तित हुनुपर्ने अवस्था छ । सरकार फेरिन्छ तर जनताको दुःख फेरिँदैन । यसकारण नेपालमा राजसंस्था चाहिएको हो । हामीलाई हाम्रो स्थायित्व राख्न, गौरव कायम गर्न हिन्दूराज्य चाहिएको हो । शान्ति, स्थिरता, विकासका लागि अब हामी राजसंस्थाको मालामा एकताबद्ध हुनुपर्छ । जनताको दुःखमा साथ दिने नेतृत्वलाई भित्र्याउन ढिलाइ गर्नुहुन्न ।




# सरकारी तलब खाएर पनि भ्रष्टाचार 'नाथे'

शाहवंशीय प्रथम राजा एवं नेपाल राष्ट्र निर्माता पृथ्वीनारायण शाहको दिव्योपदेश छ- घूस लिन्या र दिन्या दुवै राष्ट्रका सत्रु हुन् । करिब २५० वर्ष अघितिर बोलेका यी कुरा अहिले ठ्याक्कै उल्टो भएको छ । 'घूस नलिने र घूस नदिने दुवै विकासका बाधक हुन्' । अझ लोकतान्त्रिक गणतन्त्र स्थापना भइसकेपछि त यी कुरा महादिव्योपदेशका रूपमा लिनुपर्ने रे ! विनाघूस कुनै काम नै बन्दैन ।

छोराछोरीको नागरिकता बनाउनेदेखि सरकारी कागज बनाउन पनि घूस नख्वाई त हुँदै हुँदैन भन्न पनि मिल्दैन । हुन्छ, तर कहिले हुन्छ ! खै कहिले कहिले ? तपाईं सरकारी अड्डामा जानुभएको छ भने तपाईंले भोग्नुभएकै होला तपाईंको काम सरकारले तोकेको कागज प्रक्रिया पुऱ्याउँदा पनि हुन मुस्किल छ ।

ठूलाघरे कान्छो, बाउको नामबाट जग्गा नामसारी गर्न मालपोत गा'को । मालपोतको ढोकैमा बसेको लेखनदासले च्याप्प समाते अनि भने के काम हो ?

ठूलाघरे कान्छो अचम्म पर्छ । र, भन्छ- हाकिम भेट्न आको ?

ए, हाकिम भेट्न आको भेट्नुस भेट्नुस् । लेखनदासले अनुहार बिगार्दै भन्छ ।

किन हाकिम साप, हुनुहुन्न र ?

हुनुहुन्छ होला ? हाम्लाई के थाहा ? तपाईंको हाकिम । फरक्क फर्केको लेखनदास अघि कान्छो एक टकले हेर्छ । मालपोत कार्यालयका भित्तामा टाँसिएका सूचना पढ्छ । 'म भ्रष्टाचार गर्दिन, म भ्रष्टाचार हुन दिन्न' । कान्छो दंग पर्छ, भित्रभित्र फुरुंग हुन्छ । जे होस् अब भने देशमा गणतन्त्र आएछ । कम्तीमा भ्रष्टाचार गर्दिन गर्न दिन्न भन्ने त भएछन् । मन मनै सोच्दै भित्र पसेको कान्छो दुई पन्ने कागज तेर्स्याउँदै फलामे झ्यालबाट सोध्छ । सर, निवेदन कता पेस गर्ने होला ? भित्रबाट हेर्दै नहेरी उत्तर आउँछ । पल्लो कोठामा जानुस् ।

पल्लो कोठाको उस्तै फलामे झ्यालमा पुगेर दाहिने हातभित्र छिराउँदै कागजको निवेदन देखाउँदै कान्छो सोध्छन्, सर नमस्कार । उताबाट उत्तर आउँदैन । विचरा झ्यालभित्रका कर्मचारी कम्प्युटरमा धेरै व्यस्त छन् । फेसबुकमा च्याट गरिरहेका छन् । बेलाबेलामा युटचुब र इन्स्ट्राग्राम पनि हेर्दै छन् । उनलाई कान्छोको निवेदन हेर्ने फुर्सद पो कहाँ छ र ?

जेठको महिनाभित्र पंखा मज्जाले घुमिरहेको छ । तारेभिरबाट चिसो हावा घट्टेखोलातिर चलेजस्तै पंखाको हावा भित्रभित्र भित्तै फोरौंला जसरी बेजोडले कुदिरहेको छ । तर, बाहिर धेरै बेर हात भित्रै छिराएर उभिरहेको कान्छोको निधारबाट नुनिलो पसिना बगेको बग्यै छ । उताबाट न निवेदन हेर्छ न कुनै जवाफ नै आउँछ ।

तर, पनि कान्छोले कुनै हैरानी खेपेको छैन । सरकारी काम कहिले जाला घाम भन्ने उक्ति उसको मनमा छ । त्यसैले होला, विचरा कुन्नि के-के को दाग भएको सेतो रङले पोतिएको भित्तामा देब्रे कुम अडचाएर उभिरहन्छ, भित्रबाट कुनै जवाफ आउला कि भनेर ! बाहिर मान्छेहरू ओहोरदोहोर गरिरहेका छन् । तर, झ्यालबाट फाइल बुझाउने कमै छन् । केही मानिसहरू मस्तसँग गफ चुटिरहेका छन् । 'साला' कहिल्यै नबन्ने भो यो देश । माल हात नपारे त कामै गर्दैनन् यार । सिस्टम सिस्टम भन्छन्, यिनीहरूको सिस्टम भनेको फर्मुला बुझ्नै गाह्रो । के भनेको के भनेको !

तल भेटेको लेखनदास दुईचार वटा फाइल बोकेर आइरहेको छ । कान्छोलाई देख्छ र भन्छ, भेट्नु भो हाकिम सापलाई ? ऊ त्यो पल्लो कोठा हो हाकिम सापको ! नदेखेको भए मैले देखाइदिए, मुस्कुराउँदै ढोकाबाट लेखनदास पंखाको हावा खाँदै कम्प्युटरमा 'च्याट' गरिरहेका कर्मचारीका पुग्छ । त्यतिञ्जेलसम्म पनि कान्छोको हातभित्रै छ । ती कर्मचारीले कान्छोलाई वास्तै गर्दैनन्, बरु लेखनदासले बोकेको फाइल हेर्दै नहेरी कुन्नि के लेख्छन् र सही गर्छन् । दुवै हाँस्छन् । भरे भेटौंला भन्दै लेखनदास बाहिर निस्कन्छ ।




ठूलाघरे कान्छो ठूला-ठूला कुरा सुनेको थियो, म भ्रष्टाचार गर्दिनँ र भ्रष्टाचार हुन दिन्न, कण्ठै पारेको थियो । तर, उसैको काम सेतो सर्ट लगाउनेले गर्दिएन होइन निवेदन नै हेर्दिएन । कान्छोले विचार गऱ्यो, यो त अति भो म नियममा बस्नेको निवेदन पनि नहेर्ने लेखनदासको काम सक्ने ? भएन हाकिमकैमा जान्छु । अलि पुग्छ । काठको बोर्डमा प्रमुख फलानो टाँगिएको तर बाहिर लेखिएको देख्छ ।

यति भएपछि कान्छो त्यही ढोकाबाट यसो मुण्टोभित्र छिराउँछ । त्यहाँ पनि पंखा बेजोडले चलिरहेको छ । कुर्सीमा त हाकिम होइनन् मुख पुछ्ने रुमालमात्र छ । सोफामा बसेका केही व्यक्ति देश बनाउँछु भनेर चुनाउ जितेका नेताजस्तै कुरा गरिरहेका छन् । कान्छोजस्ता साधारण सेवाग्राही ढोकामा हाकिम कुरेर बसिरहन्छन् । 'सिस्टम' मिलाएर फाइल लिएर आएका व्यक्तिहरू फटाफट ढोकाको कुनाबाट मुस्कुराउँदै निस्कन्छन् ।

ठूला घरे कान्छोको मनमा खुल्दुली हुन्छ । कतै हाकिम ढोको छिड्की पारेर बसेका त छैनन् । जे पर्लापर्ला पनि छिर्छु भन्दै फाइल बोकेर छिर्छ । उनको मनका खुल्दुली पक्कै मेटियो । हाकिम साप दुई-चार जना विचौलियासँग निकै ठट्टिएर पो बसेका रहेछन् । कान्छोले नीर्भिक भएर सोध्यो ? हाकिम साप को हुनुहुन्छ ? भलाद्मी पारामा छेउमा उपरखुट्टी लगाएर बसेका मानिसले सोधे- किन के गर्नुपऱ्यो ?

कान्छोले सानले भन्यो- हाकिम बाहिर भनेर लेखिएको छ । त्यसैले सोधेको ।

ती भलाद्मीले भने- हाकिम मै हुँ । के पऱ्यो भन्नूस् ?

'के पऱ्यो होइन हाकिम साप । पारा ठीक भएन । तपाईंको गेटमा भ्रष्टाचार विरोधी नारा टाँस्ने अनि काम सबै विचौलिया राखेर गराउने ? तपाईंका कर्मचारी सबै सेटिङमा काम गर्ने अनि तपाईं भित्र बसेर, बोर्डबाहिर बनाएर सेवाग्राहीलाई झुक्याउने ?'

हाकिमसँग बसेको व्यक्तिले कान्छोसँग अलि फरक ढंगले प्रस्तुत हुन्छ, 'तपाईंको काम के हो भन्नूस् न, मालपोतमा आएर सीधै काम हुन्छ ? तल जानूस् लेखनदाससँग समन्वय गरेर आउनूस् ।'

कान्छो पनि के कम, ठाडो स्वरमा भन्छ- कहाँ के गर्नुपर्छ भन्ने कुरा मलाई थाहा छ । तपाईंलाई त्यही लेखनदास र यहाँ आउने विचौलियासँग समन्वय गराउने लाज छैन ? सरकारले तलब दिएको यही विचौलियासँग मिलेर सेवाग्राहीसँग आर्थिक लाभ लिन हो ?

कान्छोको प्रश्नले हाकिम अलि हच्किन्छ, 'ल भैगो धेरै कुरा नगर्नूस्, काम के पऱ्यो भन्नूस् ।'

'यो एउटा निवेदन दर्ता गरी प्रक्रियामा काम गर्न खोज्दा तपाईंका कुनै पनि कर्मचारीले सही कुरा बताएनन् । यो कोठाबाट त्यो कोठा, त्यो कोठाबाट तल विचौलिया । तपाईं आफैं विचौलियासँग मस्त ! सेवाग्राहीको काम कसरी बन्छ ?'

'सरकारी तलब खाएर पनि भ्रष्टाचार ! सेतो कपडाको साख जोगाउनु पर्नेमा त्यहीमाथि अत्याचार । कठै बर, मेरो देश बिगार्ने तन्त्र ।'

हाकिमलाई अलि पारा चलेछ क्यार ! कान्छोलाई हकार्न खोजे । कान्छोले बोल्नै दिएन । सेवाग्राहीहरू तपाईंहरूले जसो भन्यो त्यसो गर्नुहुन्छ । त्यसैले हेपेको हो । सबै एउटै हुँदैनन् बुझ्नु भो ? हामीले तिरेको करबाट तपाईं तलब खाइरहनुभएको छ । अनि जसका कारण तलब खाइरहनुभएको छ त्यही जनतालाई सास्ती ?

अब त्यसो हुन्न हामी सेवाग्राहीहरूले नियमपूर्वक कागजात तयार गरेपछि काम सम्पन्न हुनुपर्दछ, नागरिक वडापत्रमा उल्लेख गरेजसरी नै बुझ्नु भो ? अब सहिन्न । सरकारी तलब, भत्ता, सवारीसाधन आवश्यक सबै सेवा सुविधा सरकारी त्यसमाथि पनि पाइलैपिच्छे कमिसन । खाउँखाउँ कमिसनले देश वर्वाद बनाऔं । सबै अवाक्क !

द्रष्टव्य : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdailynews@gmail.com मा सम्प्रेषण गर्नुहुन अनुरोध छ । यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो । - सं.

# दुई हजार पशुलाई 'लम्पी स्किन'विरुद्ध खोप दिइयो

**वालिङ–** स्याङ्जाको वालिङ नगरपालिकाले दुई हजार पशुलाई लम्पी स्किनविरुद्ध खोप लगाइदिएको छ । नगरभित्रका विभिन्न वडामा लम्पी स्किनबाट संक्रमित पशुको संख्या बढ्दै गएपछि नगरपालिकाले खोप खरिद गरी निःशुल्क लगाइदिएको हो ।

पशुमा संक्रमण बढ्दै गएपछि रोकथाम तथा नियन्त्रण गर्न पालिका आफैंले खोप खरिद गरेर सम्भावित जोखिमका क्षेत्रमा रहेका पशुलाई निःशुल्क खोप लगाएको पशु सेवा शाखा कार्यालयका प्रमुख लेखनाथ अर्यालले बताए ।

नगरपालिकामा १५० भन्दा बढी पशुमा यो रोग देखापरेको छ । 'गाईभैंसीमा लम्पी स्किन रोगको लक्षण पुष्टि भएपछि अन्य पशुमा सर्न नदिन पहिलो चरणमा व्यावसायिक फर्म तथा अन्य ठाउँका पशुलाई दुई हजार खोप खरिद गरी लगाएका हौं,' उनले भने, 'जहाँ-जहाँ संक्रमित पशुको संख्या धेरै छ ती ठाउँमा निःशुल्क खोप लगाएका छौं, संक्रमणको अवस्था हेरेर खोप अभियान चलाउने नचलाउने निर्णय गर्छौं ।'

व्यावसायिक फर्म तथा घर-घरमा पालिएका संक्रमित नभइसकेका पशुमा निरन्तर खोप लगाइएको छ । नगरभित्र हाल १२ हजार ९९ गाईभैंसी र गोरु छन् । फागुनको अन्तिम साताखेखि देखिएको यो संक्रमणबाट सुरुकै अवस्थामा १० वटा पशु मरेका थिए ।

नगरपालिकाले यो रोग रोकथाम तथा नियन्त्रण गर्न स्थानीय रेडियो तथा पत्रपत्रिकाका साथै सामाजिक सञ्जाल प्रयोग गरी जनचेतनामूलक सन्देश प्रसारण तथा प्रकाशन गरेको छ । 'यो रोग एक प्रकारको पक्स समूहको काप्रीपक्स भाइरसबाट गाईभैंसीमा लाग्ने रोग हो,' प्रमुख अर्यालले भने, 'यो रोग भैंसीभन्दा पनि बढी गाईगोरुमा लाग्ने गर्दछ ।'

लम्पी स्किन रोग लागेका पशुले कचेरा निकाल्ने, सिगान बग्ने तथा फिँज निकाल्ने, शरीरका विभिन्न भाग विशेषगरी घाँटी, पछाडिको खुट्टा, पेट, कल्चौडामा गिर्खा देखिन्छ । पशुमा १०४ फरेनहाइटभन्दा माथि उच्च ज्वरो आउने, दूध उत्पादन घट्ने, गर्भ तुहिने तथा बाँझोपना हुने लक्षण लम्पी स्किनका हुन् ।

'यो रोग लामखुट्टे, झिँगा र किर्नाको टोकाइबाट पनि एकबाट अर्कोमा सर्न सक्छ,' उनले भने, 'संक्रमित गाईभैंसीको ओसारपसार, लसपस तथा संक्रमित गाईभैंसी र स्वस्थ गाईभैंसीलाई उपचारको क्रममा एउटै सुई प्रयोगबाट पनि सर्नसक्ने भएकाले विशेष सावधानी अपानाउनुपर्छ ।'

यो रोगको ठोस् उपचार नभएकाले खोपलाई नै विकल्पको रूपमा प्रयोग गर्नुपर्ने प्रमुख अर्यालले बताए । बिरामी पशुलाई अरु पशुबाट अलग्गै राख्ने, गोठ र मलखादबीचको दूरी बढाउनुपर्ने, भुसुना, किर्ना, डाँक, लामखुट्टेलगायत परजीवी नियन्त्रण गर्नुपर्ने, गोठ वरिपरिको सरसफाइमा ध्यान दिनुपर्ने, काँचो छाला तथा संक्रमित पशुको ओसारपसारमा रोक लगाउनुपर्नेमा उनले जोड दिए । पशु संक्रमित हुने दर बढे पनि यसको मृत्युदर भने पछिल्लो समय घट्दै गएको छ । *रासस*

# काभ्रेका सबै स्थानीय तहमा फैलियो 'लम्पी स्किन'

**काभ्रे (प्रस)–** जिल्लाको करिब ३५ हजार पशुमा 'लम्पी स्किन' रोगको संक्रमण देखिएको छ । गत वैशाख पहिलो साता धुलिखेल नगरस्थित रविगाउँको पशुमा देखिएको सो रोग संक्रमण हालसम्म काभ्रेपलाञ्चोकका १३ वटै स्थानीय तहमा फैलिसकेको भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले जनाएको छ ।

जिल्लामा पहिलोपटक धुलिखेल-२ रविगाउँमा देखिएको 'लम्पी स्किन' रोग जिल्लाका १३ वटै स्थानीय तहमा देखिएको केन्द्रका निमित्त प्रमुख डा कार्कीले बताए । उनका अनुसार पक्स समूहको काप्रीपक्स भाइरसबाट गाई, भैंसीमा लाग्ने लम्पी स्किन रोग करिब दुई महिनाको अवधिमा जिल्लाका सबै स्थानीय तहको गाउँ तहमा पुग्दा ३५ हजार पशुमा संक्रमण देखिएको तथ्यांक प्राप्त भएको छ ।

रोगको संक्रमणले स्थानीय पशुपालक कृषक निकै चिन्तित बनेका छन् । उनले उक्त रोगका कारण जिल्लामा हालसम्म कम्तीमा ४५ गाई तथा ३५ हजार संक्रमित पशुमध्ये करिब दुई हजार भैंसी संक्रमित रहेको तर भैंसी नमरेको जानकारी दिए । उनका अनुसार पछिल्ला केही दिनदेखि महाभारत र खानीखोला गाउँपालिकाका अधिकांश पशुमा संक्रमण देखिएको थियो भने हाल बनेपा नगरका पशुमा उक्त रोग देखिन थालेको छ ।

जिल्लामा देखिएको रोगका कारण ४५ लाख रूपैयाँ हाराहारीमा पशुधन क्षति तथा रोगका कारण पशुले दिने दूधमा कमी हुँदा छ करोड रूपैयाँको दूध उत्पादनमा कमी आएको केन्द्रले जनायो । केन्द्रका अनुसार ग्रामीण क्षेत्रमा रोगको संक्रमण बढेको हो । जिल्लाका सबै स्थानीय तहमा लम्पी स्किन रोग फैलिएपछि केन्द्रले स्थानीयस्तरमा सचेतानामूलक जानकारी गराउँदै प्रारम्भिक चरणमा प्रत्येक स्थानीय तहलाई ३०० डोजका दरले खोप पठाइएको जनाएको छ । 'जिल्लामा रोगको संक्रमण बढेसँगै केन्द्रले लम्पी स्किनविरुद्धको थप मात्रा खोप खरिद गर्ने प्रक्रिया अघि बढाएको छ,' निमित्त प्रमुख कार्की भने ।

## मोटरसाइकल हराएको सूचना

सिमसोन सिवाकोटीको नाममा रहेको । निम्न ब्योहोरा रहेको मोटरसाइकल मिति २०८०।०३।०६ गते चन्द्रागिरी न.पा वडा नं. ०५ गुर्जुधारा घरको कम्पाण्डबाट अ. ११ :०० राती बजे तिर हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहोला ।

प्रकार – Pulsar 150
बाईक नं. BA Pra 02 039 PA 7331
चेसिस नं. : MD2A11CX4NPM15119
इन्जिन नं.: DHXRNM59640
रङ्ग – कालो, निलो
सम्पर्क – 9841003063

## शैल्यशिखर नगरपालिका
### नगरकार्यपालिकाको कार्यालय
गोकुलेश्वर, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

यस कार्यालयवाट प्रथम पटक मिति २०८०/०२/०३ गतेको प्रकाशित वोलपत्रको सूचना वमोजिम मिति २०८०।०३।०८ गते दिउसो १२ वजेसम्म PPMO मा रीतपूर्वक दर्ता भएका वोलपत्रहरूको प्राविधिक तथा आर्थिक प्रस्तावहरू अध्ययन गर्दा मध्ये पेश भएका तपसिल उल्लेखित बोलपत्र न्युनतम मूल्यांकित सारभूत रूपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐनको दफा २७ को उपदफा २ र ३ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाता/व्याक्तिहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिलः

| क्र. सं. | ठेक्काको विवरण | | छनौट भएका वोलपत्रदाता व्याक्तिको ठेक्का | कवोल रकम (PS र VAT वाहेक) |
|---|---|---|---|---|
| | ठेक्का नं. | योजनाको नाम | | |
| १ | SM/NCB/WORK /07/079/080 | शौचालय निर्माण | श्री गायत्रि कन्सट्रक्सन | ९८०९७२ ।- |

प्रमुख प्रशासकीय अधिकृत


## साउदी/युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SAWAED AL-AAASH AL-ZAHABEH FOR SERVING MEALS
पूर्व स्वीकृति मिति २०८०/03/११ LT. No. 288494 चलानी नं. ६०२०३८४५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 5 | 0 | 1500 | ५९,५८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: कामदार आफैंले सेवा शुल्क: १०,०००

कम्पनी : CONSENT L.L.C.
पूर्व स्वीकृति मिति २०८०/03/१० LT. No. 288321 चलानी नं. ६०२०३७६३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Mason | 5 | 0 | 1200 | ४२,५८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Ordinary Labor | 20 | 0 | 810 | २८,७४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार १९ गते (4th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

TRIPLE STAR EMPLOYMENT PVT. LTD.
श्रम इजाजत नं. ७९४/०६५/०६६
Samakhusi-29, Kathmandu, Nepal Tel: +9771 4353826,4359552, Mob No.: 9802011164, 9846026291, 9849881033 & 9814388624 Fax: +977-1-4362951



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : RADAR AL KHALEEJ GENERAL CONTRACTING
पूर्व स्वीकृति मिति : २०८०/03/११ LT. No. 288453 चलानी नं. ६०२०३७५९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labor | 6 | 0 | 1000 | ३४,७५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार १९ गते (4th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt Lic No. 780/065/066
LOTUS Human Resourse Pvt. Ltd
A Complete Human Resource Company
P.O. Box: 23440, Basundhara, Kathmandu, Nepal. Tel: +00977-1-4966177/4966189, Fax: 00977-1-4366035
Email: lotushumanresource@wlink.com.np, info@lotushrnepal.com, Web: www.lotushrnepal.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SEEMA TRADING COMPANY
पूर्व स्वीकृति मिति: २०८०/03/११ LT. No.287730 चलानी नं. ६०२०३८५२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Labour | 1 | 0 | 1000 | ३४,७५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार १९ गते (4th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Ishan Overseas Pvt. Ltd.
श्रम इजाजत नं. ५३२/२०६१/०६२
Samakhusi , Kathmandu, Nepal, Tel: 01-4380272 / 4380273 Fax : +977-1-5547945, E-mail : maniishannepal@gmail.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : QGYPT CLEANING AND SERVICES
पूर्व स्वीकृति मिति २०८०/03/११ LT. No.288575 चलानी न. ६०२०३८११

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 5 | 0 | 1100 | ३९,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : TAJRIN WOMEN CLOTHES TAILORING
पूर्व स्वीकृति मिति २०८०/03/११ LT. No.288576 चलानी न. ६०२०३८०९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accountant | 0 | 10 | 3600 | १२८,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Embroderer | 0 | 3 | 1100 | ३९,३८० | | | | | | | |
| 3 | General Supervisior | 15 | 0 | 3000 | १०७,४०० | | | | | | | |
| 4 | Market Manager | 0 | 10 | 5700 | २०४,०६५ | | | | | | | |
| 5 | Secratery | 0 | 1 | 2100 | ७५,१८० | | | | | | | |
| 6 | Supervisior | 46 | 11 | 2500 | ८९,५०० | | | | | | | |
| 7 | Tailor | 0 | 1 | 1100 | ३९,३८० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार १९ गते (4th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Lucky Human Resource Pvt.Ltd.
श्रम इजाजत नं. १३०२/०७४/०७५
G.P.O Box : 815, Pingalasthan-08. Gaushala, Kathmandu, Nepal Tel :01 4589501, 014589401
E-mail: luckyhumanhr@gmail. Website : www.luckyhumanresource.com.np



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : RUKN AL ALAM GENTS TAILORING
पूर्व स्वीकृति मिति २०८०/03/११ LT. No. 288619 चलानी नं. ६०२०३८३८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Tailor | 1 | 0 | 1300 | ४५,१८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : TURKISH ABDULLAH SAAD AL-TURKI FACTORY FOR MANUFACTURING
पूर्व स्वीकृति मिति २०८०/03/११ LT. No. 288457 चलानी नं. ६०२०३८३१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 5 | 0 | 1000 | ३४,७५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार १९ गते (4th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

National Exports Manpower Consultant Pvt. Ltd.
Sinamangal-9, Kathmandu, Nepal, Phone No.: +977-1-4233652
E-mail : nationalexportsmc@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ARABIAN ENJAZ CONTRACTING COMPANY FOR MANAGEMENT AND SERVICES
पूर्व स्वीकृति मिति २०८०/03/११ LT. No. 288597 चलानी नं. : ६०२०३८७२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 1 | 0 | 1500 | ५२,१३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार १९ गते (4th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क:नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

DESTINY HR GROUP (P) LTD (Wide Range H.R. Pvt. Ltd)
श्रम इजाजत नं. १५५२/०७९/०८०
Pinglasthan, Gaushala, Kathmandu, Nepal. Phone: 01-5913085, 01-5914085
Mobile: 9851164801, Email: destinyhrgrp2079@gmail.com



## कुवेत/युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : KABAB ALBAGHDADI RESTAURANT COMPANY.
पूर्व स्वीकृति मिति : २०७८/०८/१३ पुन विज्ञापन स्वीकृति मिति २०८०/03/११ LT No.252140 चलानी नं : ६०१६९०८२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Cook | 1 | 0 | 120 | ५१,०७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner | 1 | 0 | 90 | ३८,३०५ | | | | | | | |
| 3 | Driver | 1 | 0 | 130 | ५५,३३० | | | | | | | |
| 4 | Salad Maker | 2 | 0 | 110 | ४६,८१५ | | | | | | | |
| 5 | Tdc (Take Out Delivery Carriage) | 2 | 0 | 110 | ४६,८१५ | | | | | | | |
| 6 | Waiter | 2 | 0 | 110 | ४६,८१५ | | | | | | | |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

कम्पनी : ALIGN ON DEMAND LABORS SUPPLY SERVICES L.L.C
पूर्व स्वीकृति मिति : २०८०/२/१२ पुन विज्ञापन स्वीकृति मिति २०८०/03/११ LT No.286602 चलानी नं : ६०२०२०१३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | cleaner | 25 | 25 | 900 | ३१,९४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | factory worker | 50 | 0 | 900 | ३१,९४० | | | | | | | |
| 3 | packer | 13 | 0 | 900 | ३१,९४० | | | | | | | |
| 4 | Stevedore | 20 | 0 | 1000 | ३५,४९० | | | | | | | |
| 5 | ticket collector | 25 | 25 | 1000 | ३५,४९० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार १९ गते (4th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Dubai Overseas International Pvt. Ltd.
श्रम इजाजत नं. ७५१/०६४/०६५
Maharajgunj-3, Kathmandu, Nepal Tel No:+977-15905763/015905351
Fax No: +977-4383351, Mobile: 984-5642103, Email Id: dubaioverseas2016@gmail.com

## 'द सेक्रेट्स अफ राधा'लाई अमेरिकामा अवार्ड

फिल्म 'द सेक्रेट्स अफ राधा'ले अमेरिकामा सम्पन्न नेपाल–अमेरिका अन्तर्राष्ट्रिय चलचित्र महोत्सवमा 'उत्कृष्ट फिचर कथानक चलचित्र' विधाको अवार्ड जितेको छ । यो फिल्मका निर्देशक सुवर्ण थापा हुन् । यसैगरी सुजित बिडारीले निर्देशन गरेको फिल्म 'ऐन झ्यालको पुतली' र पाकिस्तानी निर्देशक साइम सदिकले निर्देशन गरेको जोयलेण्डले मानार्थ पुरस्कार प्राप्त गरेको छ । यसैगरी उत्कृष्ट छोटो कथानक चलचित्र पुरस्कार सन्तोष दाहालको 'द मिराज'ले प्राप्त गरेको छ भने सूर्य शाहीद्वारा निर्देशत 'ह्वील्स अन द बस'ले मानार्थ पुरस्कार प्राप्त गरेको छ ।








# 'कसैले मलाई निर्देशक भन्दा अप्ठेरो लाग्छ'

■ प्रभाव संवाददाता

**काठमाडौं–** दशकको अभिनय यात्रा पश्चात् निर्देशक बन्दै छन् । उनले सुरुआतमा छोटो चलचित्र निर्देशनको योजना बनाएका थिए । तर पछि खनाललाई विषयवस्तुले ठूलो पर्दाको चलचित्रको निर्देशक बनायो । चाँडै नै उनको परिचयमा निर्देशक थपिँदैछ ।

योजना बनाएर चलचित्र निर्देशनको यात्रा प्रारम्भ नगरेको अभिनेता खनाल बताउँछन् ।

'मलाई नाट्यकर्मी सुनिल पोखरेलले एउटा पुस्तक दिनुभएको थियो । त्यहाँ संग्रहित कथामध्ये एउटा बगान थियो । त्यो पढेपछि यसलाई ठूलो पर्दामार्फत आमदर्शक र समाजसम्म पु्र्याउनुपर्छ भन्ने लाग्यो', उनले भने, 'यो कथा ममार्फत नै भन्नुपर्छ भनेर निर्देशन गरे । मलाई छायांकनकै समयमा कसैले निर्देशकभन्दा निकै अप्ठ्यारो हुन्थ्यो ।'

आफूलाई कथा वाचक भन्न रुचाउने अभिनेता खनालले चलचित्रमा आफूभन्दा वरिष्ठ कलाकार नै बढी राखे । किनकी उनीहरू अभिनयमा पोख्त हुनुका साथै चरित्रअनुसार उपयुक्त थिए । तर, उनीहरूलाई निर्देशन गर्न अभिनेता खनाललाई सहज भने थिएन ।

'मैले छायांकनका क्रममा कुनै पनि कलाकारलाई अभिनय गरेर केही बताएन । केवल चरित्र र दृश्यलाई सम्झाएँ', अभिनेता खनालले भने, 'नीर राजा (नीर शाह) लाई मैले अलिकति फरक चाहिएको भनेर भूमिका बुझाए । उहाँ आफैँले विभिन्न चरित्र देखाएपछि मैले चाहेको यो हो भने, यसरी हामीले छायांकन सकेका थियौं ।'

सयौं चलचित्रमा अभिनय गरिसक्नुभएका अभिनेता खनालले चलचित्रमा स्टार कलाकारभन्दा पनि विषयवस्तु महत्वपूर्ण हुनुपर्ने बताए । त्यसैले उनले एकल महिलाको कथा, समवेदना र शिक्षा महत्वलाई चलचित्रमा प्रस्तुत गरेका छन् । आफैँले धेरै चलचित्रमा सहकार्य गरेको अभिनेत्री करिश्मा मानन्धरलाई एकल महिलाको भूमिकामा प्रस्तुत गरेका छन् ।

'अघिल्ला चलचित्रमा अभिनेत्री मानन्धरको सुन्दरतामा धेरै चर्चा गरियो वा केन्द्रित भइयो । यद्यपि यसमा उहाँको सुन्दरता अभिनयमार्फत व्यक्त भएको छ । साथै नयाँ अभिनेत्री प्रमिला कार्कीले पनि आफूलाई अब्बल सावित गर्नुभएको छ', उनले भने । चलचित्रको कथालाई नजिकबाट महसुस गरेको खनालको भनाइ छ ।

चलचित्रमा देखाइएको एकल महिलाले समाजमा गर्नुपरेको सङ्घर्षलाई आफ्नै परिवारमा देखेको खनालले बताए । उनले भने, 'मेरो मामाकी छोरीको श्रीमान् बित्नुभएपछि एकल महिला बनिन् । त्यसपछि उनको जीवनशैली नै फेरियो । ती बहिनी एक्लो भएको मैले महससु गरेँ', उनले भने, 'बाहिरी रमाइलोमा उनको शरीर उपस्थित भए पनि मन खुसी थिएन । केही वर्ष अगाडि उनको पुनःविवाह भएपछि अहिले उनलाई छुट्टै पाउँछु । ती बहिनी बल्ल जीवन बाँचेकी छिन् ।'

त्यही कथालाई पुस्तकमा पाएपछि खनाल आफैँले निर्देशन गर्ने योजना बनाए । आउँदा दिनमासमेत सामाजिक विषयवस्तुलाई ठूलो पर्दामा ल्याउने उनको योजना छ । यद्यपि खनालले कलाकारितालाई पनि सँगै अगाडि बढाउने जानकारी दिए । चलचित्र 'बगान' मा आकाश श्रेष्ठ, नीर शाह, वसुन्धरा भुसाल, मिथिला शर्मालगायतका कलाकारले अभिनय गरेका छन् ।

स्वप्न नीरवको कथामा तयार भएको उक्त चलचित्रमा गौरीशंकर धुजुले छायांकन निर्देशन, उत्सव दाहाल र नारायण जिसीले छायांकन, अर्जुन जिसी, राजेश शाह र सन्देश शाहले सम्पादन, समीर मियाँले भिएफ एक्स तथा रेनिश फागोले रंग संयोजन गरेका छन् । प्रदर्शनका लागि चलचित्रको वितरण रिच इन्टरटेन्मेन्ट र डिसिएनले काठमाडौं उपत्यका र मोफसलमा एफडी कम्पनीले गर्दै छ ।

# इन्डो इन्टरनेसनल फेसन कार्निभल एण्ड अवार्डमा सृष्टि र जोया

**काठमाडौं (प्रस)–** दुबईमा आयोजना हुने 'इन्डो इन्टरनेसनल फेसन कार्निभल एण्ड अवार्ड २०२३' मा नेपालको तर्फबाट प्रतियोगीका रूपमा 'मिस स्टार युनिभर्स नेपाल २०२३' सृष्टि महर्जन र 'मिसेस स्टार युनिभर्स नेपाल २०२३' जोया बुढाथोकी सहभागी हुने भएका छन् ।

अवार्डमा निर्णायक, प्रतियोगी र नोमिनिज गरेर तीन विधाका लागि फेसन मेकअप आर्टिस रश्मि श्रेष्ठ र व्यवसायी परिन्दा श्रेष्ठ 'परी', ग्रीन आर्ट मिडियाकी प्रबन्ध निर्देशक तथा अन्तर्राष्ट्रिय कोरियोग्राफर अनिला श्रेष्ठ निर्णायकको रूपमा सहभागी हुने भएकी छिन् ।

असार २० (५ जुलाई)मा आयोजना हुने उक्त अवार्डमा नेपाली टोली ग्रिनआर्ट मिडियाको तर्फबाट सहभागी हुन लागेका हुन् । अवार्डमा दुई दर्जनबढी देशका प्रतिनिधिको सहभागीता रहनेछ । ग्रिनआर्ट मिडियाका सिइओ प्रविन लाकौलले 'इन्डो इन्टरनेसनल फेसन कार्निभल एण्ड अवार्ड'को बिभिन्न बिधामा नेपालको प्रतिनिधित्व हुन नेपालको लागि गौरवको बिषय भएको बताए ।



# म्हेन्दोमाया गायिका रमलालाई सम्मान

**काठमाडौं (प्रस)–** गायिका रमला पाख्रिन तामाङ सम्मानित भएकी छन् । नेपाल सरकारको राष्ट्रिय युवा परिषद् नेपालअन्तर्गत कला साहित्य संजालले म्हेन्दोमाया भाकाकी चर्चित गायिका रमलालाई सम्मान गरेको हो । कला साहित्य संजाल र राष्ट्रिय लोक साँस्कृतिक संघको सहकार्यमा काठमाडौंको जमलस्थित राष्ट्रिय नाचघरमा आयोजित कार्यक्रममा गीतसंगीत क्षेत्रमा दुई दशकभन्दा बढी निरन्तर योगदान पुर्‍याएको भन्दै गायिका रमलालाई सम्मान प्रदान गरेको हो ।

राष्ट्रिय युवा परिषदका केन्द्रीय उपाधक्ष सुरेन्द्र बस्नेतको प्रमुख आतिथ्य आयोजित कार्यक्रममा गायिका रमलालाई सम्मान प्रदान गरिएको हो । सम्मान ग्रहण गरेपछि गायिका रमलाले आफ्नो मिहिनेत र संघर्षको कदर भएको बताइन् । उनले भनिन्, 'यो सम्मानबाट मलाई अझ गीतसंगीतमा सक्रिय बनाउन हौसला मिलेको छ । यो सम्मानले मेरो मिहिनेतको कदर भएको अनुभूति भएको छ ।'

लोक दोहोरी प्रतिष्ठानका पूर्वअध्यक्ष चन्द्र शर्मा, कला साहित्य संजालका अधक्ष हास्यकलाकार सुबोध गौतमलगायत थुप्रै कलाकारको उपस्थिति रहेको कार्यक्रममा साहित्य गोष्टीसँगै विविध सांस्कृतिक झाकी, नृत्य तथा गीतसंगीत प्रस्तुत गरिएको थियो ।



विश्वकप छनोट

# प्लेअफ खेल्ने चारै टोलीको टुंगो

■ प्रभाव संवाददाता




**काठमाडौं–** जिम्बावेमा जारी आइसिसी विश्वकप छनोटमा नेपालसहित प्लेअफ खेल्ने चार टोलीको टुंगो लागेको छ । समूह 'ए' बाट नेपाल र अमेरिका तथा समूह 'बी' बाट आयरल्यान्ड र युएईले प्लेअफ खेल्ने भएका छन् ।

समूह चरणबाटै बाहिरिने चार टोलीबीच ७ देखि १० औं स्थानका लागि प्लेअफमा प्रतिस्पर्धा हुनेछ । ३० जुनदेखि ६ जुलाईसम्म हुने प्लेअफका खेलबाट ७ औं देखि १० औं स्थान निर्धारण हुनेछ । प्लेअफमा समूह 'ए' को चौथो स्थानमा रहने टोलीले समूह 'बी' को पुछारको टोलीसँग प्रतिस्पर्धा गर्नेछ ।

समूह 'ए' को पुछारमा रहने टोलीले समूह 'बी' को चौथो स्थानमा रहने टोलीसँग प्रतिस्पर्धा गर्नेछ । दुवै खेलको विजेता टोलीले ७ औं स्थानको लागि प्रतिस्पर्धा गर्नेछन् । पराजित हुने टोलीले नवौं स्थानको लागि प्रतिस्पर्धा गर्नेछन् ।

नेपाल समूह ए मा ४ खेलमा ३ मा हार र १ मा जितका साथ २ अंकका साथ चौथो स्थानमा छ । अमेरिका सुरुआती तीन खेलमा हारका साथ पुछारमा छ । अन्तिम खेलमा सोमबार अमेरिका वेस्टइन्डिजसँग पराजित भएमा नेपाल चौथो स्थानमा रहनेछ । यदि अमेरिका विजयी भएमा भने नेटरनरेट निर्भर पर्नेछ ।

उता, समूह 'बी' मा आयरल्यान्ड र युएई तीन खेलमा जित विहीन हुँदै बाहिरिएको थिए । मंगलबार युएई र आयरल्यान्डबीच समूह चरणको अन्तिम खेल हुनेछ । उक्त खेलको विजेता टोली समूह 'बी'को चौथो र पराजित हुने टोली पाँचौं स्थानमा रहँदै प्लेअफ खेल्नेछन् । समूह 'ए'को चौथो र पुछारमा रहने टोलीको टुंगो सोमबार युएई र जिम्बावेको खेल पछि लाग्नेछ ।

# वारियर्सलाई सप्तरी प्रिमियर लिगको उपाधि

**काठमाडौं (प्रस)–** बजाज खडक वारियर्सले पाँचौ संस्करणको राजविराज मेयर कप सप्तरी प्रिमियर लिगको उपाधि जितेको छ । वारियर्सले तेश्रो पटक लिगको उपाधि जितेको हो ।

पब्लिक विन्देश्वरी क्रिकेट मैदानमा सोमबार भएको फाइनलमा कन्चनरूप राइनोजले दिएको १४५ रनको लक्ष्य ३ बल बाँकी रहंदा पछ्याउदै बजाज खडक वारियर्सले उपाधि आफ्नो पक्षमा पर्‍यो ।

लक्ष्य पछ्याउने क्रममा ५८ रनमा ४ विकेट गुमाएको अवस्थामा पाँचौ नम्बरमा ब्याटिङ गरेका बिशाल सुश्लिंगले विकेट नगुमाई ब्याटिङ गर्दै टिमलाई जितसम्म पुर्याए। सुश्लिंगले अविजित ४६ रन बनाए जुन क्रममा ३३ बलमा ४ चौका र २ छक्का प्रहार गरे। उनले पाँचौ विकेटको लागि बिबेक यादवसंग ३० रनको, छैठौं विकेटको लागि दिनेश अधिकारीसँग ३६ रनको तथा सातौं विकेटको लागि अनिल यादवसँग अविजित २२ रनको साझेदारी गरे ।

रोमान्चक बनेको खेलको अन्तिम २ ओभरमा ८ बलमा जित्न २० रन आवस्यक थियो। सो अवस्थामा राशिद खानले गरेको १९ औं ओभरको अन्तिम २ बलमा अनिल यादवले लगातार २ चौका प्रहार गरे। अन्तिम ओभरमा १२ रन आवस्यक रहँदा पप्पु यादवको पहिलो बलमा २ रन लिएका विशाल सुश्लिंगले दोश्रो बलमा चौका र तेश्रो बलमा छक्का प्रहार गर्दै टिमलाई जित दिलाए।

वारियर्सका ओपनर साहिल पटेलले २१, राज वर्माले १७ तथा कर्ण बिक, सन्दिप रजालीले समान १४ रन तथा अनिल यादवले अविजित ९ रन बनाए। कन्चनरूपको बलिंगमा चित्र बिस्टले सर्वाधिक ३ विकेट लिए भने राशिद खान, नारायण जोशी र पप्पु यादवले १/१ विकेट लिए । यस अघि टस हारेर ब्याटिङ गरेको कन्चनरूप राइनोजले निर्धारित २० ओभरमा सबै विकेट गुमाएर १४५ रन बनायो ।

कन्चनरूपको लागि ओपनर दिलिप नाथले सर्वाधिक ४२ रन योगदान दिए जुन क्रममा उनले २२ बलमा ४ चौका र ३ छक्का प्रहार गरे। यस्तै नारायण जोशीले २७, सुमित श्रेष्ठले १७ तथा अमित यादवले १६ रन बनाए । बजाज खडक वारियर्सको बलिंगमा कप्तान बिबेक यादवले सर्वाधिक ४ विकेट लिए जुन क्रममा ४ ओभर बलिंग गर्दै २५ रन खर्चिए। गोमानन्द अमात्यले २ तथा अनिल यादव र दिनेश अधिकारीले १/१ विकेट लिए।

# महिला तथा पुरुष लिग भलिबल असार अन्तिम साता

■ प्रभाव संवाददाता




**काठमाडौं–** नेपाल भलिबल संघको आयोजनमा हुने सातौं प्रधानमन्त्री कप - एन. भि. ए. महिला तथा पुरुष राष्ट्रिय भलिबल क्लब लिग-२०८० असार अन्तिम साता हुने भएको छ ।

राजधानीमा सोमबार पत्रकार सम्मेलन गर्दै नेपाल भलिबल संघले बार्षिक कार्यक्रम (२०७९/८०) अनुरूप नेपालको राष्ट्रिय खेल भलिबललाई बृहत रूपमा विकास, विस्तार र प्रवर्धन गर्दै र ब्यावसायीकरण गर्दै लैजाने नीति अनुरूप यही मिति २०८० असार २३ देखि ३० गते सम्म सातौं प्रधानमन्त्री कप - एन.भि.ए. महिला तथा पुरुष राष्ट्रिय भलिबल क्लब लिग गर्न गईरहेको जनाएको हो ।

लिगमा गत माघ महिनामा सम्पन्न क्लब च्याम्पियनसिपबाट छनौट भएका पुरुष तर्फ टिपटप हेल्प नेपाल स्पोर्टस् क्लब, त्रिभुवन आर्मी क्लब, सशस्त्र प्रहरी बलको ए.पि.एफ. क्लब, नेपाल प्रहरी, दावाँली मिलन क्लब - काठमाडौ, केशवलाल स्मृती प्रतिष्ठान, गण्डकी प्रदेश भलिबल संघ, शैलुंग बागढुंगा स्पोर्टस् क्लब - रामेछाप गरि ८ क्लबहरू र महिला तर्फ नेपाल प्रहरी, होंगवांगजी न्यू डायमन्ड युथ स्पोर्टस् क्लब, नेपाल एपिएफ क्लब, त्रिभुवन आर्मी क्लब, एभरेष्ट भलिबल क्लब - बुटवल र गण्डकी प्रदेश भलिबल संघ गरी ६ टिमहरूको सहभागिता रहने आयोजकले जनाएका छन् । च्याम्पियनसिपमा सहभागी पुरुष तर्फ १५ र महिला तर्फ ८ टिमको प्रतिस्पर्धाबाट लिगका लागि पुरुष तर्फ ८ र महिला तर्फ ६ टिमको छनौट गरिएको थियो । लिगमा एक टिमबाट तीन विदेशी खेलाडीले प्रतिस्पर्धामा सहभागिता जनाउन पाउने समेत पत्रकार सम्मेलनमा जानकारी गराईयो ।

लिगमा विजयी हुने टोलीले आगामी डिसेम्बर (नेपाल भलिबल संघले प्रस्ताव गरे अनुसार) मा नेपालमा आयोजना हुने ऋब्ब्ब पुरुष क्लब च्याम्पियनसिपमा सहभागिता जनाउने संघका अध्यक्ष जितेन्द्र बहादुर चन्दले पत्रकार सम्मेलनमा जानकारी गराए ।

अनुमानित ७५ लाख खर्च हुने लिगमा महिला तथा पुरुष तर्फ प्रथम, द्वितीय, तृतीय र चतुर्थ स्थान प्राप्त गर्ने टिमहरूले क्रमशः ६ लाख, ३ लाख, १ लाख ५० हजार र ७५ हजार प्राप्त गर्ने छन् । त्यस्तै उक्त प्रतियोगितामा पुरुष तथा महिला तर्फ सर्वोत्कृष्ट खेलाडीले रु. ३५/३५ हजार, उत्कृष्ट सर्भर, सेटर, ब्लकर, स्पाईकर, लिवेरो र प्रशिक्षकले जनाही रु. १५/१५ हजार प्राप्त गर्ने छन् । राष्ट्रिय खेलकुद परिषद्बाट लिग संचालनका लागि रु. ४० लाख सहयोग भएको छ भने माछापुच्छ्रे बैंकले १ लाख ५० हजार, संघका पूर्व उपाध्यक्ष रञ्जन खड्काले शेरबहादुर खड्का प्रतिष्ठानको तर्फबाट उत्कृष्ट खेलाडीहरूलाई प्रदान गरिने पुरस्कार रकम ७५ हजार र पूर्व अध्यक्ष मनोरञ्जन रमण शर्माले ५० हजार सहयोग गर्ने पत्रकार सम्मेलनमा जानकारी गराईयो । यस्तै मेडिया पार्टनर हाम्रो खेलकुदले प्रतियोगिताको प्रत्यक्ष प्रसारणका साथै सम्झौता बमोजिमको आर्थिक सहयोग गर्ने समेत पत्रकार सम्मलेलनमा अध्यक्ष चन्दले बताए ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ११०४०० | प्रति तोला – १०९८५० | प्रति तोला – १३६५ |



**सुन्दर गल्छी** आकाशबाट सोमबार लिएको धादिङ गल्छीस्थित पृथ्वीराजमार्ग आसपासको क्षेत्र । *तस्बिर : प्रदीपराज वन्त/रासस*

## बिजुलीको आन्तरिक खपत नै मुख्य जोड : ऊर्जामन्त्री

■ प्रभाव संवाददाता

**काठमाडौं–** ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले बिजुलीको आन्तरिक खपत वृद्धि गर्ने योजनाका साथ सरकार लागिपरेको बताए । उनले उत्पादन वृद्धि, वितरण प्रणालीको सुधार तथा आन्तरिक खपत बढाएर बाँकी रहेको बिजुली मात्रै भारत निर्यात गर्ने सोचका साथ मन्त्रालयले काम गरिरहेको उल्लेख गरे ।

प्रतिनिधिसभाको आजको बैठकमा सांसदहरूको प्रश्नका जवाफमा मन्त्री बस्नेतले पाँचवटा प्रदेशमा निकट भविष्यमा नै पूर्ण विद्युतीकरण हुने जानकारी दिए । हालसम्म कूल ९६ प्रतिशत घरधुरीमा बिजुलीको सेवा पुगेको जानकारी दिँदै ऊर्जामन्त्री बस्नेतले हाल कूल जडित क्षमता दुई हजार सात सय ३२ मेगावाट पुगेको बताए ।

बिजुलीको मागमा घटबढ हुने भएकाले त्यसलाई व्यवस्थापन गर्न फरक फरक योजनाका साथ लाग्नुपर्ने र त्यसका लागि आवश्यक व्यवस्था मिलाइएको उनको भनाइ छ । आगामी आवमा प्रणालीमा कूल नौ सय मेगावाट बराबरको बिजुली थप हुने जानकारी दिँदै उनले आगामी दुई वर्षभित्र सुक्खायाममा समेत आन्तरिक रूपमा बिजुलीमा आत्मनिर्भर हुने बताए ।

बढी भएको बिजुली बिक्री गर्नुभन्दा अर्को विकल्प नभएको उल्लेख गर्दै उनले भने, 'खपत बढाउनका लागि आवश्यक योजानका साथ काम भइरहेको छ । तर, बर्खायाममा बिजुली बिक्री गर्नैपर्ने बाध्यता छ । तर, सुक्खायाममा बिजुली आयात गर्नैपर्ने आवश्यकता छ ।'

मन्त्री बस्नेतले निजी क्षेत्रलाई पनि छिट्टै बिजुली बिक्रीका लागि अनुमति दिइने दोहोऱ्याए । नदी प्रवाही आयोजना बढी भएकाले बर्खाको समयमा बढी बिजुली उत्पादन हुने र सुक्खायाममा भने कूल जडित क्षमताको एक तिहाइ मात्रै उत्पादन हुने भएकाले व्यवस्थापनका लागि नयाँ सोच जरुरी रहेको मन्त्री बस्नेतले बताए ।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को हालै सम्पन्न भारत भ्रमणका क्रममा १० वर्षमा १० हजार मेगावाट बिजुली बिक्रीका सम्बन्धमा दुई देशका ऊर्जा सचिवबीच सहमतिपत्रमा हस्ताक्षर भएको र छिट्टै त्यसले मूर्तता पाउने ऊर्जामन्त्री बस्नेतले जानकारी दिए । उनले यो विषय बिजुली बिक्रीको विषय मात्रै नभई उत्पादनको समेत विषय भएको उल्लेख गरे ।

उनले अन्तरदेशीय प्रसारण लाइन निर्माणलाई पनि प्रमुख प्राथमिकतामा राखिएको स्पष्ट पार्दै प्रधानमन्त्रीको भारत भ्रमणका क्रममा न्यू बुटवल गोरखपुर प्रसारण लाइनको शिलान्याश भएको र अन्य आयोजना पनि छिट्टै अगाडि बढ्ने बताए ।

देशभित्रको आन्तरिक बजार विस्तारका लागि प्रसारण लाइन निर्माणलाई उत्तिकै प्राथमिकतामा राखेर काम अगाडि बढाइएको मन्त्री बस्नेतको भनाइ छ । उनले बूढीगण्डकी जलविद्युत् आयोजनालाई पनि छिट्टै निर्माण प्रक्रियामा अगाडि बढाइने र त्यसको आवश्यक तयारी भइरहेको जानकारी दिनुभयो । उनले अर्धजलाशय र जलाशययुक्त आयोजनाको विद्युत् खरिद सम्झौता भइरहेको र नदी प्रवाही आयोजनाका बारेमा आवश्यक निर्णय लिइने स्पष्ट पारे ।

कूल २५ लाख हेक्टर जमिनमा सिँचाइ सुविधा पुऱ्याउने लक्ष्यका साथ सरकारले राष्ट्रिय गौरवका आयोजना, प्राथमिकता प्राप्त आयोजना तथा मझौला र साना आयोजनामार्फत कार्यक्रम अगाडि बढाइएको उनको भनाइ छ । निर्माणाधीन सिँचाइ आयोजनालाई शीघ्र निर्माण सम्पन्न गर्न आवश्यक तदारुकता देखाइएको जानकारी दिँदै उनले भेरी बबई बहुउद्देश्यीय आयोजनाको निर्माण जारी रहेको, सिक्टा सिँचाइको पूर्वी नहर र शाखा नहर विस्तारका लागि बजेट विनियोजन गरिएको बताए ।

सुनकोशी मरिण बहुउद्देश्यीय आयोजना निर्माणका क्रममा रहेको जानकारी दिँदै उनले बाँध तथा विद्युत् गृह निर्माणको कामका लागि खरिद प्रक्रिया पूरा भइसकेको र छिट्टै निर्माण प्रक्रिया सुरु हुने बताए । ठूला टारहरूमा सिँचाइ सुविधा पुऱ्याउनका लागि दीर्घकालीन योजनासहित अगाडि बढेको उल्लेख गर्दै उनले त्यसबाट झन्डै चार लाख ५० हजार हेक्टरमा सिँचाइ सुविधा पुग्ने विवरण पेस गरे । त्यसका लागि लिफ्ट सिँचाइको योजना अगाडि बढाइएको छ । सञ्चालनमा रहेका सिंचाइ आयोजनाको मर्मतसम्भारका लागिसमेत बजेट विनियोजन गरिएको मन्त्री बस्नेतको भनाइ छ ।

आगामी आवमा बजेटको सीमा नै घटेर आएका कारण व्यवस्थापन गर्न समस्या परेको उल्लेख गर्दै उनले भुक्तानीमा पनि उस्तै जटिलता उत्पन्न हुने र क्रमशः आगामी आवमा पनि सर्दै जाने अवस्था आएको बताए । उनले नदी उकास, नदी कटान नियन्त्रणका लागि तटबन्धको निर्माण एवम् जलजन्य प्रकोपको रोकथामका लागि प्रभावकारी योजनाका साथ काम अगाडि बढाइएको स्पष्ट पारे ।

## दोहोरो अंकले बढ्यो नेप्से

**काठमाडौं (प्रस)–** धितोपत्र बजारमा सेयर कारोबार मापक नेप्से परिसूचक पनि दोहोरो अंकले उकालो लागेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक ११ दशमलव ६९ अंकले उकालो लागेर दुई हजार एक सय २९ दशमलव ४२ मा पुगेको छ ।

ठूला कम्पनीको सेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक तीन दशमलव ६६ अंकले उकालो लागेर तीन सय ९९ दशमलव ११ मा पुगेको छ । कारोबार भएका कूल १३ उपसमूहमध्ये पाँच उपसमूहको सेयर मूल्यमा गिरावट आएको छ भने आठ उपसमूहको सेयर मूल्यमा बृद्धि भएको छ ।

नेप्सेका अनुसार कूल एक करोड १९ लाख तीन हजार छ सय ८७ कित्ता सेयर रु पाँच अर्ब ३१ करोड २४ लाख २२ हजार ८७ मूल्यमा खरिद बिक्री भएका छन् ।

कारोबार रकमका आधारमा शिवम् सिमेन्ट शीर्ष स्थानमा छ । सो कम्पनीको रु ४२ करोड पाँच लाख ९९ हजार पाँच सय ८५ बराबरको कारोबार भएको छ । सोल्टी होटल रु २७ करोड २६ लाख ९६ हजार, हिमालयन डिस्टिलरी रु २२ करोड ३७ लाख ९९ हजार सात सय १९ बराबरको सेयर कारोबार भएको छ ।

साथै आइजीआई प्रुडेन्सियल इन्स्योरेन्सको रु १५ करोड ४९ लाख ९६ हजार चार सय ६४ र नेपाल लाइफ इन्स्योरेन्स रु १४ करोड ८६ लाख ३९ हजार तीन सय २६ बराबरको सेयर कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भएका छन् ।

नेप्सेका अनुसार हिमालयन लाइफ इन्स्योरेन्स, बीपीडब्ल्यू लघुवित्त, सिटी होटलको सेयर मूल्यमा १० प्रतिशतले बढेर सकारात्मक सर्किट लागेको छ । यस्तै, सिभिल लघुवित्त नौ दशमलव ९७ र माउण्टेन इनर्जी नेपालले सेयर मूल्य नौ दशमलव ७६ प्रतिशतले बढेको छ ।

सुपर मादी हाइड्रोपावरको सेयर मूल्य छ दशमलव ९४, विन नेपाल लघुवित्तको छ दशमलव २५, मोलुङ हाइड्रोपावरको पाँच दशमलव १९, कालिञ्चोक दर्शन चार दशमलव ३९ र ग्रीनलाइफ हाइड्रोपावरको सेयर मूल्य चार दशमलव १० प्रतिशतले घटेको छ ।

## 'सीमित स्रोतका कारण बजेट विनियोजन भएन'

■ प्रभाव संवाददाता

**काठमाडौं–** संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किरातीले सीमित स्रोत, कानुनी उल्झनका कारण कतिपय क्षेत्रमा बजेट विनियोजन गर्न नसकिएको बताएका छन् । प्रतिनिधिसभाको बैठकमा पर्यटन मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकमाथि उठेका प्रश्नको जवाफ दिँदै उनले मन्त्रालयसम्बन्धी शीर्षकमा अधिकतम कार्यक्रम समेटिए पनि कतिपय कार्यक्रम छुटेकामा आफू दुःखी रहेको बताए ।

'बजेटसँगै खुसी पनि बाँडियो भन्ने लागेको थियो । तर, बजेटसँगसँगै दुःख पनि बाँडिएछ', उनले भने, 'बजेट परेका योजनामा कम बजेट भएको छ भने बजेट नै नपरेका योजनामा त खुसी हुने कुरै भएन । झन् रिसाउनुभएको छ ।' मन्त्री किरातीले आफूसँग आएका हजारौं मागमध्ये छानेस सम्बन्धित मन्त्रालयमा पठाएको बताए । 'बजेटको सीमाले कतिपय कार्यक्रम छुटेका छन् । स्वाभाविकरूपमा बजेट असन्तुलन हुन गएको छ, त्यसका निम्ति म यो सदनमा क्षमाप्रार्थी छु', उनले भने ।

पर्यटनमन्त्री किरातीले नेपालमा विकासको ढाँचा सच्याएर सङ्घीयताको मर्म र भावनाअनुसार योजनाको वर्गीकरण र प्राथमिकीकरण गरिनुपर्ने उल्लेख गरे । उनले नेपालको संस्कृति र प्रकृतिको संयोजनबाट स्थानीय स्वाद र स्वामित्वसहितको आजको पर्यटन विकास हुन जरुरी रहेको बताए । संसारले फोटोकपी गर्न नसक्ने, सगरमाथा, पशुपतिनाथ, लुम्बिनीलगायत सम्पदाको संरक्षण विकासमा ध्यान दिनुपर्ने उनले उल्लेख गर्नुभयो ।

पर्यटनमन्त्रीले भने, 'आर्थिक वर्ष २०८०/८१ का लागि मन्त्रालयमा बजेटको सीमा करिब ४५ प्रतिशतले घटेर आएको छ । यति हुँदा पनि सकेसम्म देशैभरि सञ्चालन हुनेगरी बढीभन्दा बढी कार्यक्रम समेटिएका छन् । प्रादेशिक सन्तुलनलाई



ध्यान दिँदै प्रत्येक प्रदेशका महत्वपूर्ण सांस्कृतिक, धार्मिक एवं पर्यटकीय क्षेत्रको विकासलाई ध्यान दिएर बजेट विनियोजन गरिएको छ ।'

### दुई अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालन गरिने

मन्त्री किरातीले राष्ट्रिय गौरव अन्तर्गतका भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको प्रभावकारी सञ्चालनका लागि पहल भइरहेको दाबी गरे । गौतमबुद्ध विमानस्थलमा नेपाल वायुसेवा निगमले मलेसियाको क्वालालम्पुर-भैरहवा-काठमाडौं उडान सुरु गरिसकेको, जजिरा एयरले उडान गरिरहेकामा प्राविधिक कारण हालै उडान स्थगित गरेको उनको भनाइ छ ।

पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा हालैमात्र चीनको सिचुवानले एयरलाइन्सले छेन्दुबाट पोखरा चार्टर्ड उडान गरेको र यसले आगामी दिनमा व्यावसायिक उडानको ढोका खुलेको पर्यटनमन्त्रीको भनाइ थियो । नयाँ हवाई रुटका सम्बन्धमा नेपाल र भारतका प्राविधिक टोलीले छलफल गरिसकेको भन्दै उनले प्रधानमन्त्रीको भारत भ्रमणका दौरानमा पनि त्यस विषयमा छलफल भएको बताए ।

### निजगढ विमानस्थल निर्माणअघि बढाइने

पर्यटनमन्त्री किरातीले आर्थिक वर्ष २०८०/८१ भित्र बारामा प्रस्तावित निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माण प्रक्रिया अघि बढाइने बताए । उनले उपयुक्त ढाँचा तयार गरेर विमानस्थल निर्माण थालिने विश्वास व्यक्त गरे ।

'निजगढ विमानस्थल त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको विकल्प हो, भविष्यमा यसको झनै आवश्यकता देखिन्छ । विमानस्थल क्षेत्रभित्र सबै बस्ती स्थान्तरणलगायत 'साइट क्लियरेन्स' गरी आगामी आर्थिक वर्षभित्र विमानस्थल निर्माण सुरु हुने अपेक्षा राखेको छु', पर्यटनमन्त्री किरातीले भने । उनले पशुपति क्षेत्र विकास कोषको गुरुयोजना स्वीकृत भई भौतिक संरचना निर्माण भइरहेको र लुम्बिनी विकासका लागि योजनाबद्ध कार्यक्रम अघि बढाइएको जानकारी दिए । पर्वतारोहण, पदयात्रा, साहसिक पर्यटन विकास, पदमार्ग निर्माण पर्यटकीयस्थलको पूर्वाधार विकासलगायत गन्तव्य प्रवर्द्धनमा निजी क्षेत्रको साझेदारी बढाएर काम गरिने उनको भनाइ छ ।

भूकम्पबाट क्षतिग्रस्त संरचना आगामी आर्थिक वर्षभित्र सम्पन्न गरिने बताए । पर्यटनमन्त्री किरातीले दुर्गम क्षेत्रका विमानस्थलमा नियमित उडान सञ्चालनको वातावरण सिर्जना गर्ने, क्षेत्रीय विमानस्थललाई प्रभावकारीरूपमा सञ्चालन गर्ने योजना समेत रहेको सुनाए ।

उनले राष्ट्रिय आवश्यकतालाई ध्यान दिएर नेपाल वायुसेवा निगमले आन्तरिक उडानका लागि थप तीन थान जहाज खरिद गर्न लागेको र प्रचलित कानुनअनुसार पारदर्शी ढंगले जहाज खरिद प्रक्रिया अगाडि बढाइने स्पष्ट पारे । आगामी आर्थिक वर्ष विराटनगर, भरतपुर, नेपालगञ्ज र धनगढी विमानस्थलको स्तरोन्नति गरिने उनले जानकारी दिए ।

पर्यटनमन्त्री किरातीले मुलुकको हवाई सुरक्षालाई सुदृढ, विश्वसनीय र प्रभावकारी बनाउन नेपाल नागरिक उड्डयन प्राधिकरणलाई विभाजन गरी नियामक र सेवा प्रदायक निकाय बनाउने बजेटमा कार्यक्रम समेटिएको र यससम्बन्धी मस्यौदा मन्त्रिपरिषद्मा पठाइसकिएको जानकारी दिए ।

### वायुसेवा निगमको रु ४८ अर्ब ऋण

पर्यटनमन्त्रीका अनुसार राष्ट्रिय ध्वजाबाहक नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) माथि हाल रु ४८ अर्ब ऋणभार छ । यो तत्कालीन समयमा निगमले दुई थान वाइडबडी र न्यारोबडी जहाज खरिद गर्दा लिएको ऋण हो । उक्त ऋणको ब्याज अत्याधिक भएकाले ब्याज पुनःसंरचना गर्न जरुरी रहेको मन्त्री किरातीले सदनलाई जानकारी गराए । चिनियाँ जहाज भाडामा लिन अहिलेसम्म कुनै आवेदन नपरेको र हाल जहाजको मूल्यांकन भइरहेको उनको भनाइ छ ।

## केरुंगा घोललाई पर्यटकीय मार्ग बनाइने

**भरतपुर (प्रस)–** भरतपुर महानगरपालिकाको वडा नं ११ देखि २४ को राप्ती नदीसम्म पुगेको केरुंगा घोललाई सौन्दर्यकरण गरी पर्यटकीय मार्ग बनाइने भएको छ । भरतपुर महानगरपालिकाले गुरुयोजना निर्माण गरी घोललाई व्यवस्थित गर्न लागेको हो ।

महानगरले घोलको सीमांकन र संरक्षण गर्न उपप्रमुख चित्रसेन अधिकारीको संयोजकत्वमा समिति गठन गरेर काम अघि बढाएको छ । महानगर प्रमुख रेनु दाहालले ३० दशमलव २ किलोमिटर लामो घोललाई कम्तीमा ६ मिटर फराकिलो बनाइने जानकारी दिइन् । 'कतिपय स्थानमा चौडाइ धेरै भएकाले सीमांकनको काम सम्पन्न भएपछि वास्तविक क्षेत्रफल आउने छ', उनले भनिन् ।

प्रमुख दाहालका अनुसार घोल संरक्षण र व्यवस्थित गर्नका लागि आगामी आर्थिक वर्षमा काम गर्ने गरी सघन सहरी तथा भवन निर्माण आयोजनाले रू १८ करोड विनियोजन गरेको छ । 'चालु आर्थिक वर्षमा रू चार करोडको काम गोन्द्राङ्मा गरिएको छ', उनले भनिन्, 'घोललाई पर्यटकीय गन्तव्यका रूपमा विस्तार गर्नका लागि महानगरले पनि थप बजेट विनियोजन गर्छ ।'

दाहालका अनुसार घोलको भुइँ र भित्तोमा पर्खाल लगाएर व्यवस्थित गरिँदै भने दायाँबायाँ साइकल लेन सहितको फुटपाथ बनाइँदै छ । फराकिलो भएका ठाउँमा उद्यान तथा व्यायामशाला बनाइने उनले बताइन् ।

'बिहान-बेलुका हिँड्न र हरियालीमा रमाउन मिल्ने गरी वृक्षरोपण गरिने छ । डुंगाहरू राख्नका लागि स्थल बनाइने छ', प्रमुख दाहालले भनिन् । उनले घोल संरक्षण गरी पर्यटकीय गन्तव्य बनाउनका लागि प्रदेश र सङ्घीय सरकारसँग थप बजेट माग गरिएको जानकारी दिइन् ।

गुरुयोजना अनुसार काम गर्न रू एक अर्ब ३७ करोड लाग्ने उपप्रमुख अधिकारीले बताए । उनका अनुसार घोल वडा नं १२, ९, ८, ७, ६, ५, १४, २२ र २३ नं हुँदै बगेको छ । सीमांकनको काम छिट्टै सम्पन्न गरिने भन्दै सम्बन्धित वडाका अध्यक्ष र सरोकारवालालाई सहयोगका लागि उपप्रमुख अधिकारीले आग्रह गरे । उनले घोल महानगरका लागि अत्यावश्यक र दूरगामी महत्व राख्ने आयोजना भएको उल्लेख गरे । अधिकारीले भने, 'घोलले महानगरपालिकाको सुन्दरता बढाउँछ । यसले महानगर भित्रका डुबानको समस्या भएका क्षेत्रमा पानीको निकास पनि गर्नेछ ।' केरुंगा घोल निर्माण सम्पन्न भएमा सार्वजनिक सम्पत्तिको संरक्षण हुनुका साथै यहाँ बन्ने उद्यानले पर्यटकलाई पनि आकर्षण गर्न सकिने उनको भनाइ थियो ।

उपप्रमुख अधिकारीका अनुसार हिउँदमा समेत नारायणी लिफ्टको पानी नहरमा हालेर केरुंगामा डुंगा चलाउने योजना रहेको छ । 'बर्सातको समयमा पानी धेरै हुने र घोल साँघुरो भएकाले त्यहीँबाट बस्तीमा पानी पस्ने समस्यासमेत थियो । गुरुयोजनाअनुसार काम सम्पन्न भएमा डुबानको समस्या पनि अन्त्य हुनेछ', उनले भने । भरतपुरको गणेशस्थानदेखि जगतपुरस्थित राप्ती नदीसम्म घोल निर्माण गरी हरियाली सौन्दर्यतासँगै डुंगा चलाउँदा यहाँ आन्तरिक र बाह्य पर्यटकसमेत आकर्षित हुने स्थानीयको भनाइ छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित **मुद्रण**: एक्सप्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्णबहादुर कार्की, **सम्पादक**: विष्णु तामाङ